# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा एक निरन्तर चलिरहने प्रक्रिया हो । मानव सृष्टिको शुरुवातसँगै शिक्षा लिने र दिने प्रक्रिया चल्दै छ । शिक्षाद्वारा मानवलें आफ्नो समग्र विकास गरी जीवनमा पूर्णता प्राप्त गर्दछ, आचार-विचार र परिवर्तन गर्दछ । शिक्षा शास्त्रीहरूको धारणा अनुसार "शिक्षा कोत्रोबाट शुरु भई चिहानमा अन्त्य हुन्छ ।" त्यसर्थ यसलाई निश्चित घेराभित्र राखेर परिभाषित गर्न कठिन हुन्छ । प्रत्येक समय परिस्थिति र वातावरण अनुसार यसको अलग रुममा व्याख्या विश्लेषण र प्रयोग हुँदै आइरहेको छ ।

मूल्याङ्कन शिक्षा क्षेत्रको एक अभिन्न अङ्ग मानिन्छ अर्थात् लिने गरिन्छ । सामान्य अर्थमा मूल्याङ्कन भनेको अवलोकन तथा अन्य माध्यमबाट प्राप्त सुचनाका आधारमा कुनै कार्य प्रति हेर्ने दृष्किोण हो । यसले ठोस निर्णयका लागि आधार प्रधान गर्दछ । विद्यार्थी मूल्याङ्कन भनेको विद्यार्थीमा के कस्ता सिकाइ उपलब्धि वा उद्देश्य अनुसारको उपलब्धि प्राप्त भयो वा भएन भनी हेर्ने प्रक्रिया हो । मुख्य रूपमा हाम्रा विद्यालयहरूमा दुई किसिमले विद्यार्थी मूल्याङ्कन गरिन्छ । विद्यार्थीका बारेमा निर्णय लिनका गरिने मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन भनिन्छ । पाठ्यक्रमले अपेक्षा गरेका सिकाइ उद्देश्य पूरा गराउने उपचारात्मक शिक्षण सिकाइसँगै गरिने मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कन भनिन्छ । विद्यार्थीले सिक्न नसकेका कुरा समयमै जानकारी गरेर उनीहरूलाई आवश्यकता अनुसार थप मद्दत गर्न पटक पटक गरिने मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कन भनिन्छ । विद्यार्थीले के कति सिके भनेर मूल्याङ्कनका विभिन्न साधनहरू अपनाएर विद्यार्थीको क्रमिक रूपमा निरन्तर मूल्याङ्कन गरिन्छ । यसमा कक्षा कार्य, गृहकार्य, हाजिरी, व्यवहार परिवर्तन र योजना कार्य आदि कुराहरूको मूल्याङ्कन निरन्तर गरिन्छ । यसरी विद्यार्थीको पठनपाठनसँग उनीहरूको निरन्तर मूल्याङ्कन गरी सिक्न नसकेका कुरा सिकाएर माथिल्लो कक्षा चढाउनुलाई नै उदारकक्षोन्नति भनिन्छ ।

विद्यार्थी मूल्याङ्कन प्रणाली अन्तर्गतको उदारकक्षोन्नतिको आधार विद्यार्थीको कार्य संचयीकालाई मानिन्छ । विद्यार्थीहरूको क्रियाकलापको प्रगति अनुसार अतिउत्तम, मध्यम र

सामान्य वर्गमा छुट्ट्याई क्रमश तीनवटा, दुईवटा र एकवटा रेजा लगाइ, दिएका आधारमा रेजा प्रतिशत निकाली ७० प्रतिशत भन्दा बढि रेजा प्रतिशत ल्याउनेलाई 'क' श्रेणी, ४० देखि ७० रेजा प्रतिशत ल्याउनेलाई 'ख' श्रेणी र ४० प्रतिशत भन्दा कम रेजा प्रतिशत ल्याउनेलाई 'ग' श्रेणीमा राखी माथिल्लो कक्षामा अनिवार्य कक्षोन्नति गर्नुपर्ने व्यवस्था गरिएको छ ।

नेपालको सन्दर्भमा निरन्तर विद्यार्थी मूल्याङ्कनको आवश्यकता दिन प्रतिदिन खड्किँदै गइरहेको छ । आधारभूत शिक्षा भए गरेको लगानीलाई फलदायी बनाउनु परेको छ । आधारभूत शिक्षामा सिकाइ बालमैत्री हुन नसकेकोले विशेषतः तल्ला कक्षामा कक्षा दोहोऱ्याउने र बीचैमा पढाई छोड्ने विद्यार्थीको सङ्ख्या अधिक रहेको छ । परिणाम स्वरूप तोकिएको समय भन्दा ढिलो, थोरै विद्यार्थीले मात्र तह पूरा गर्ने गरेका छन् । विद्यार्थीको निरन्तर मूल्याङ्कन गरेर उपचारात्मक शिक्षण सिकाइबाट मात्र यस प्रकारको क्षतिलाई नियन्त्रण गर्न सकिन्छ । यसै दृष्टिकोणबाट नेपाल सरकार शिक्षा मन्त्रालयले हाल आधारभूत शिक्षाको कक्षा १-५ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन लागु गरेको छ । आगामी शैक्षिक सत्रहरूदेखि आधारभूत तहको कक्षा ७ सम्म लागु गर्दै जाने नीति लिएको छ ।

आधारभूत तह नेपालको विद्यालयको संरचनाको प्रारम्भिक तह हो । कक्षा १ देखि ८ सम्मका कक्षाहरू आधारभूत तह हुन् । जसमा पनि १ देखि ३ कक्षालाई पूर्व आधारभूत तहमा विशिष्टीकृत गरिएको छ । आधारभूत तह नेपालको शिक्षा संरचनाको जग हो । जसलाई बलियो बनाउन बालमनोवैज्ञानिकको प्रयोग गर्दै प्रभावकारी शिक्षण र उपलब्धिको सही लेखाजोखा गर्दै परीक्षा बाहेकका मूल्याङ्कनका साधानहरूको पनि सदुपयोग गर्नु पर्दछ । आधारभूत शिक्षाको कार्यकुशलतालाई नकारात्मक असर पर्ने दुइ कारक तत्वहरू उच्च कक्षा छोड्ने दर, उच्च कक्षा दोहोऱ्याउने दर हुन । यी दुइवटा दरलाई उच्च बनाउन थुप्रैं कारणहरू मध्ये परीक्षालाई एक प्रमुख कारण मान्न सकिन्छ । विद्यमान शिक्षा प्रणालीले गर्दा विद्यार्थीहरू परीक्षादेखि डराइ विद्यालय आउन छोड्ने प्रवृति देखा परेको छ । फेरी शिक्षाको १, २, ३ कक्षामा वर्षमा २, ३ वटा परीक्षा लिई विद्यार्थीलाई पास फेल घोषणा गर्ने वर्तमान परिपाटीको मूल्याङ्कन प्रणालीलाई सुधार गर्नुपर्ने देखिन्छ । हाल परीक्षा प्रणालीमा तल्लो कक्षाका विद्यार्थीहरूसँग परीक्षा दिने अनुभवको अभावले गर्दा कठिनाइ भएको हुन सक्छ । यसर्थ परीक्षा प्रणालीमा पनि सुधार गर्ने, विद्यार्थीलाई परीक्षाको डरबाट मुक्त गर्ने र

उनीहरूलाई नयाँ किसिमले कक्षोन्नति गर्न निरन्तर मूल्याङ्कन प्रणाली र उदारकक्षोन्नति नीति कार्यान्वयन गर्ने प्रयास भई रहेको छ। नेपालमा निरन्तर मूल्याङ्कन प्रणालीको सहयोगमा मूल्याङ्कनका विभिन्न परीक्षण र अपरीक्षण विधिहरू प्रयोग गरी विद्यार्थीको क्रमिक मूल्याङ्कन गर्ने मूल्याङ्कनलाई विद्यार्थी केन्द्रित बनाउने र प्रभावकारी शिक्षण सिकाइका लागि उपयोग गर्ने जेहेन्दार विद्यार्थीका लागि प्रोत्साहन र कमजोर विद्यार्थीको लागि विशेष सहयोग पुऱ्याउने, विद्यार्थीहरूलाई नियमित रूपमा विद्यालय आउन सहयोग पुऱ्याउने वातावरण तयार गर्ने विद्यालय छाड्नेहरू न्यून गराई अधिकतम बालबालिकाहरूलाई आधारभूत तहको शिक्षा पूरा गराउने, विद्यार्थीहरूलाई परीक्षाको डर कम गराउने यस मूल्याङ्कन प्रणालीको माध्यमबाट उदारकक्षोन्नति नीति लागु गर्ने गरी शैक्षिक रणनीति तयार गरिएको छ।

औपचारिक शिक्षामा पहलो तहको शिक्षा तह हो। यस शिक्षालाई आम जनताको शिक्षा पनि भनिन्छ। त्यसैले प्राथमिक तहको शिक्षालाई आधारभूत शिक्षा र प्रारम्भिक तह मानी विश्वका अधिकांश देशहरूले आफ्नो बजेटको ठूलो हिस्सा यसै तहमा खर्च गरेको देखिन्छ। नेपालमा प्राथमिक शिक्षाको शुरुवात विं.स. १९१० मा अङ्ग्रेजी प्राथामीक विद्यालयबाट जंगबहादुरका पालामा भएको हो। यसको विकास २००७ सालको प्रजातन्त्रसँगै र त्यसपछिका पटक पटक तयार गरिएका राष्ट्रिय शिक्षा आयोगका प्रतिवेदनहरू विं.स. २०११ को राष्ट्रिय शिक्षा आयोजना, विं.स. २०१८ को सर्वाङ्गिण राष्ट्रिय शिक्षा समितिले विभिन्न सुझावहरू दिएता पनि व्यवहारिक कार्यान्वयन भने हुन सकेनन्। विं.स. २०२८ सालको राष्ट्रिय शिक्षा पद्धतिको योजनाले प्राथमिक शिक्षालाई योजनाबद्ध रूपमा अगाडि बढाउने काम गऱ्यो। नेपालले सन् १९९० को थाइल्याण्डमा भएको जोम्टिन सम्मेलनमा भएका प्रतिबद्धताहरू लागू गर्न सहमति जनायो। यी सबै प्रयासहरूमका गरीव र विकासोन्मुख देश भएकोले नेपालले सफलता हात पार्न सकेन। देशको आधा हिस्सा जनता निरक्षर नै छन्। जगका रूपमा रहेको प्राथमिक तह जीर्ण बन्दै गइरहेको छ। देशको नवौं पञ्चवर्षीय योजना (२०५९-२०६४) ले गरिबी उन्मुलन प्राथमिक शिक्षालाई प्रभावकारी बनाएर गर्ने भनिरहँदा सन २००० मा सेनेगलको डकार सम्मेलनले सबैका लागि शिक्षाको नारालाई निरन्तरता दिदै निरक्षरता उन्मुलन गर्ने घोषणा गरी विभिन्न कार्यक्रम अगाडि ल्याएको छ। सोही अनुरूप सन २०१५ सम्ममा सबैलाई शिक्षा दिइसक्ने अन्तराष्ट्रिय रणनीतिमा नेपालले पनि

हस्ताक्षर गरेको छ तर पनि सोचे सुधारका चरणहरूको शुरुवात सन् २०१० सम्म पनि पाउन सकिएको छैन । (भट्टराई, २०६२)

## १.२ समस्याको कथन

राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषदले तयार पारेको विद्यालय स्तरीय नयाँ पाठ्यक्रममा र त्रिवर्षीय ११ औं अन्तरिम योजना (२०६४-२०६७) मा कक्षा ७ सम्म उदारकक्षोन्नतिको नीतिलाई अंगिकार गरिएको छ । हालको प्राथमिक तथा निम्न माध्यमिक तहको शिक्षालाई पाठ्यक्रममा आधारभूत शिक्षाका रूपमा वर्गीकरण गरिएको छ । त्यस्तो आधारभूत शिक्षामा विद्यार्थीको पहुँच बढाउन र उनीहरूलाई विद्यालयमा आकर्षित गर्न उदारकक्षोन्नति अवधारणा अघि सारिएको छ ।

आधारभूत तहमा हाल प्रयोग भईरहेको मूल्याङ्कनका प्रक्रियाहरूले सो उमेरका विद्यार्थीको सर्वाङ्गीण पक्षको मूल्याङ्कन गर्न सकेको छैन । अवधिक तीन घण्टे लिखित परीक्षाले विद्यार्थीको ज्ञानात्मक पक्षको मात्र मूल्याङ्कन गरेको छ र यसकै आधारमा कक्षा चढाउने गरिएको छ । यो मूल्याङ्कन प्रणालीले विद्यार्थीको अन्य पक्षलाई समेट्न सकेको छैन । प्राथमिक तहका विद्यार्थीले वर्षभरिमा पढेको कुरालाई तीन घण्टा भित्र स्मरण गरेर लेख्न सक्दैनन् अनि विद्यार्थीको मूल्याङ्कन हुन सक्दैन । मूल्याङ्कनले ज्ञानात्मक पक्षका साथै भावनात्मक र मनोक्रियात्मक पक्षलाई पनि समेट्न सक्नु पर्दछ । त्यसकारणले निरन्तर मूल्याङ्कनको माध्यमबाट उदारकक्षोन्नतिको व्यवस्था गरी आधारभूत तहका विद्यार्थीका ज्ञानात्मक, भावनात्मक र मनोक्रियात्मक पक्षको मूल्याङ्कनका गर्न विं.स. २०६३ साल देखि निरन्तर मूल्याङ्कनका माध्यमबाट उदारकक्षोन्नति शरु गरिएको छ ।

उदारकक्षोन्नतिले परीक्षामुखी भन्दा पनि बुझाइमुखी अध्यापनमा जोड दिएको छ जसले गर्दा विद्यार्थी असफल हुने दर कम हुन्छ तर यसको बारेमा शिक्षक अभिभावक अनभिज्ञ रहेको देखिन्छ । यो प्रणाली बढी खर्चिलो, धेरै समय लाग्ने, दक्ष र तालिम प्राप्त शिक्षक चाहिने हुन्छ जसले गर्दा यी पक्षको अभावले पनि यसको प्रभावकारी कार्यान्वयन भएको पाइदैन । यो प्रणाली बारे ठोस नीति नबेनेको, मापदण्डमा व्यवहारिक प्रष्टता नभएको यसमा भएका कमी कमजोरीलाई सुधार्न कुनै खोज अनुसन्धान पनि पाइदैन । अतः कार्यान्वयन कै चरणमा रहेको उदारकक्षोन्नति को बारेमा सरोकारवालाहरू अभिभावक, शिक्षक, प्रधानाध्यापक, स्रोतव्यक्ति, विद्यालय निरीक्षक जानकार छन् कि छैनन् ?

उदारकक्षोन्नति र्धारीत मापदण्ड अनुरूप भएको छ कि छैन ? उदारकक्षोन्नति कार्यान्वयनमा के समस्याहरू देखिएका छन ? ती समस्या समाधानका लागि के उपायहरू अवलम्वन गर्न सकिन्छ ? तथा उदारकक्षोन्नतिको प्रभावकारिता कस्तो छ ? यसले विद्यार्थीको नियमितता तथा सि.उ. मा पारेको प्रभाव कस्तो छ ? भन्ने कुरालाई समस्याको रूपमा लिइएको छ ।

## १.३ अध्ययनको औचित्य

नेपालमा पाँच दशकदेखि शिक्षाको योजनाबद्ध विकासद्वारा शैक्षिक क्षेत्रको विस्तार र सुधार गर्ने कार्य हुँदै आएको पाइन्छ । वर्तमानसम्म आइपुग्दा यस विकासक्रमले केही मात्रामा मात्र गति लिएको पाईन्छ तर शिक्षाको परिणात्मक रूपमा विकास र विस्तारको साथसाथै त्यसको गुणात्मक विकासमा ध्यान पुऱ्याउन जरुरी पर्दछ। यसो गरिएमात्र लगानी अनुसारको प्रतिफल प्राप्त हुन्छ र शैक्षिक क्षतिलाई न्यूनिकरण गर्न सकिन्छ भन्ने अवधारणाका साथ उदारकक्षोन्नतिको कार्यक्रम कार्यान्वयनमा आइरहेको छ । सन २००० मा भएको सेनेगलको डकार सम्मेलनले २०१५ सम्ममा "सबैका लागि शिक्षा" को नारालाई निरक्षरता उन्मुलन गर्ने प्रतिबद्धताका साथ नेपाल सरकारले पनि प्रत्येक वर्षको शैक्षिक सत्रको शुरुवातमा नै विद्यार्थी भर्ना अभियान अन्तर्गत घरदैलो कार्यक्रम सञ्चालन गरिरहेको छ। जसबाट वर्षैपिच्छे प्राथमिक तहमा विद्यार्थीहरूको भर्ना सङ्ख्या बढेको छ। नेपाल सरकारले दशौं पञ्चवर्षीय योजना (२०५९-२०६४) को अन्त्यमा खूद भर्नादर ९० प्रतिशत पुऱ्याउने लक्ष्य लिएकोमा सो पूरा हुन नसकी एघारौं त्रिवर्षीय योजना (२०६४-२०६७) ले पनि त्यसलाई निरन्तरता दियो तर आशतित प्रतिफल हासिल हुन सकिरहेको छैन् । एकातिर फेल भएका विद्यार्थी र भर्ना भएका विद्यार्थीको भीडभाडबाट कक्षामा विद्यार्थी चाप बढेको छ भने फेल भएका विद्यार्थीहरूले कक्षा छोड्ने दर पनि बढिरहेको छ। त्यसकारण यी दुवै समस्यालाई समाधान गर्न सरकारले निरन्तर मूल्याङ्कन अन्तर्गत उदारकक्षोन्नति नीतिलाई बढी महत्व दिएको छ ।

निरन्तर मूल्याङ्कन प्रणाली अन्तर्गत उदारकक्षोन्नतिको कार्यन्वयनमा केन्द्रित, क्षेत्रिय र स्थानीय स्तरमा धेरै कठिनाईहरू महसुस गरिएको छ। यसै सन्दर्भमा उदारकक्षोन्नतिको कार्यन्वयनको अवस्था सरोकारवालाहरूको बुझाई तथा चासो र थप ज्ञान दिन निर्धारीत मापदण्ड अनुसार प्रयोगको अवस्था हेर्न, देखिएका समस्याहरू समस्या समाधानका

उपायहरू पत्ता लगाई सुधार गर्न, विद्यार्थीहरू नियमितता तथा उनीहरूको सिकाइ उपलब्धि सम्बन्धि समयमा नै सूचनाहरू प्राप्त गरी पृष्ठपोषण दिन र सिकाइलाई प्रभावकारी बनाउनमा शिक्षकलाई सहयोग गर्नका साथै सरोकारवालाहरू, प्रधानाध्यापक., शिक्षक, विद्यालय निरीक्षक, स्रोतव्यक्ति, अभिभावक र शिक्षाविद प्रसासक, अनुसन्धानकर्ता, नीति निर्माता, योजनाकार तथा शिक्षासँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध चासो राख्ने सबैको लागि फाइदा हुने भएकोले अध्ययनको आवश्यकता महसुस गरी खोज अनुसन्धान गर्न लागिएको हो ।

## १.४ अध्ययनको उद्देश्य

निरन्तर मूल्याङ्कन प्रणाली अन्तर्गत उदारकक्षोन्नति नीतिको कार्यन्वयनले सिकाइ उपलब्धिमा पारेको प्रभावको अध्ययन गर्न निम्न उद्देश्यहरू राखिएको छ ।

क) उदारकक्षोन्नति कार्यक्रमको कार्यान्वयनको वर्तमान अवस्था पहिचान गर्नु ।

ख) उदारकक्षोन्नतिले नीतिको कार्यान्वयनले सिकाइ उपलब्धिमा पारेको प्रभावको विश्लेषण गर्नु ।

ग) उदारकक्षोन्नति नीतिको कार्यान्वयनका समस्याहरूको लेखाजोखा गर्नु ।

घ) उदारकक्षोन्नति नीतिले सिकाइ उपलब्धिमा पारेको प्रभावको लेखाजोखा गरी सुझाव प्रस्तुत गर्नु ।

## १.५ अनुसन्धानका लागि प्रश्न

नेपालमा निरन्तर मूल्याङ्कन प्रणाली अन्तर्गत उदारकक्षोन्नति नीति कार्यक्रम भर्खरै शुरु भएको हो । उदारकक्षोन्नति नीतिको कार्यन्वयनले सिकाइ उपलब्धिमा पारेको प्रभाव शीर्षकको यस अध्ययनमा निम्न अनुसाका अनुसन्धात्मक प्रश्नहरूको उत्तर खोजिएको छ ।

क) सामुदायिक आधारभूत विद्यालयमा उदारकक्षोन्नतिको अवस्था कस्तो छ ?

ख) उदारकक्षोन्नति नीतिको कार्यान्वयनले विद्यार्थीको नियमिततामा कस्तो प्रभाव पारको छ ?

गं) उदारकक्षोन्नतिले सिकाइ उपलब्धिमा कस्तो प्रभाव पारेको छ ?

घ) उदारकक्षोन्नतिको कार्यान्वयनमा के कस्ता समस्याहरू देखिएका छन ?

ङ) उदारकक्षोन्नति कार्यान्वयनको क्रममा देखिएका समस्याहरूलाई कसरी समाधान गर्न सकिन्छ ?

च) उदारकक्षोन्नति नीतिको कार्यान्वयनको लेखाजोखा कसरी गर्न सकिन्छ ?

छ) उदारकक्षोन्नति नीतिको सकारात्मक पक्ष र नकारात्मक पक्ष के के छन् ?

## १.६ अध्ययनको परिसीमा

कुनै पनि अध्ययनको उद्देश्य प्राप्तिका लागि यस विषयको व्यापक अध्ययन स्रोत, साधनको परिचालनका साथै प्रशस्त समयको आवश्यकता पर्दछ तसर्थ यस अध्ययन कार्यलाई सरल र सहज रूपमा अगाडि बढाउन निम्नानुसारको परिसीमा राखिएको छ ।

क) यस अध्ययनले झापा जिल्ला अन्तर्गत काँकरभिट्टा स्रोत केन्द्रका ४ वटा सामुदायिक विद्यालयहरूलाई मात्र समेटेको छ ।

ख) यस अध्ययनले उक्त विद्यालयका उदारकक्षोन्नति लागु भएका कक्षा १ देखि ५ कक्षालाई मात्र समेटेको छ ।

ग) यस अध्ययनले उदारकक्षोन्नति लागु भएका कक्षाहरूमा यसले विद्यार्थी नियमितता तथा सिकाइउपलब्धिमा पारेको प्रभावलाई मात्र समेटेको छ ।

घ) यस अध्ययन छनौटमा परेका विद्यालयका ४ जना प्रधानाध्यापक., ८ जना शिक्षक, ८ जना अभिभावक, १ जना स्रोतव्यक्ति र १ जना विद्यालय निरीक्षकलाई मात्र उत्तरदाताको रूपमा लिइएको छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

कक्षा छाड्ने र कक्षा दोहोर्‍याउने दर उच्च भएमा यसले आधारभूत शिक्षाको विकासमा नकारात्मक असर गर्दछ । यी असरहरूलाई नियन्त्रण गर्न उदारकक्षोन्नति नीति अवलम्बन गरिएको छ । यहाँ उदारकक्षोन्नतिको सम्बन्धमा सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाकाको विश्लेषण गर्न विभिन्न लेख, रचना, पत्रपत्रिका, पुस्तक, शोधपत्रको समिक्षा गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

मोहनलाल गणेशले वि.सं. २०६५ मा त्रि.वि. शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, महेन्द्ररत्न क्याम्पस ताहाचल, काठमाडौँमा बुझाएको "पथरिया स्रोतकेन्द्र झापाको आधारभूत तहमा उदारकक्षोन्नतिले कक्षा छाड्ने दरमा पारेको प्रभाव एक अध्ययन" शोधपत्रका अनुसार - नेपालको शिक्षा प्रणालीमा विद्यमान रहेको लिखित परीक्षाको आधारमा गरिने विद्यार्थी मूल्याङ्कनको कारण परीक्षामा अनुत्तीर्ण भई बीचमै विद्यालय छाड्ने कारणले शैक्षिक क्षति भई उत्तीर्ण दर घट्नुको साथै कक्षा छाड्ने दर बढकोले यस विषयलाई ध्यानमा राखी आधारभूत तहको उर्त्तीण दर बढाउने विभिन्न उपायहरू मध्ये आधारभूत तहमा विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार गरी निरन्तर विद्यार्थी मूल्याङ्कनमा आधारित उदारकक्षोन्नति नीतिलाई उत्तम उपायको रूपमा मानिँदै आएको छ ।

गणेशद्वारा प्रस्तुत शोधपत्रमा देहाय बमोजिमका उद्देश्यहरू रहेका छन् :

क) पथरिया स्रोतकेन्द्रको आधारभूत तहको कक्षा छाड्ने दरमा उदारकक्षोन्नतिको प्रभावले हुन आएको परिवर्तनको पहिचान गर्ने ।

ख) उदारकक्षोन्नति लागू हुनुपूर्व र लागू भए पश्चात् विद्यार्थी भर्ना, कक्षा छाड्ने र पुनः कक्षा दोहोर्‍याउने दरबीच तुलना गर्ने ।

ग) उदारकक्षोन्नति प्रक्रियामा देखिएका समस्याहरूको पहिचान गर्ने र सुधार गर्न आवश्यक सुझाव दिने ।

उक्त शोधपत्र पथरिया स्रोतकेन्द्र झापा अन्तर्गत पर्ने २० वटा समुह विद्यालयमध्ये छवटा विद्यालयलाई संयोग नमुना छनौट विधिबाट नमुनाका रूपमा छनौट गरी आधारभूत तहका कक्षा १ र २ का विद्यार्थीको विषयमा अध्ययन गरी तयार गरिएको छ। अध्ययनको लागि छनौट भएका विद्यालयबाट आवश्यक तथ्याङ्क सङ्कलन गर्ने कार्य गरेको पाइएको छ भने तथ्याङ्क सङ्कलनका क्रममा आधारमूत तथा माध्यमिक दुवै स्रोतको उपयोग गरेको पाइएको छ। नमुना छनौटमा परेका विद्यालयका कक्षा १ र २ का विद्यार्थीहरूको ५ वर्ष (२०६०, २०६१, २०६२, २०६३ र २०६४) को परीक्षाफलको अध्ययन गरी उदारकक्षोन्नति लागू भएपछि र लागू हुनुपूर्वको विद्यार्थी भर्ना, कक्षा छाड्ने दर, उत्तीर्ण दर र कक्षा दोहोऱ्याउने दरको तुलनात्मक विश्लेषणबाट निष्कर्ष निकालिएको छ। तथ्याङ्क सङ्कलनका साधनमा प्रश्नावली, अन्तर्वार्ता तथा सामुहिक छलफल समेतलाई उपयोग गरिएको छ।

शोधपत्रका प्राप्तिहरू देहाय बमोजिम रहेका छन् :

क) विद्यालयमा उदारकक्षोन्नति नीति लागू हुनु पूर्वभन्दा लागू भए पश्चात् विद्यार्थी भर्ना दर वृद्धि हुँदै गएको।

ख) उदारकक्षोन्नति लागु हुनु पूर्व कक्षा १ को उत्तीर्ण दर ०६१ र ०६२ मा त्रमशः ७६.७१% र ७३.२७% रहेकोमा लागू भए पश्चात १००% विद्यार्थी उत्तीर्ण भएको।

ग) कक्षा २ को उदारकक्षोन्नति नीति लागू हुनु पूर्व २०६३ मा उत्तीर्ण दर ७९.७८% रहेकोमा लागू भए पछि १००% विद्यार्थी उत्तीर्ण भएको।

घ) कक्षा २ को उदारकक्षोन्नति हुनुपूर्व कक्षा १ र २ को कक्षा छाड्ने दर क्रमशः ३०% र २६% रहेकोमा लागू भए पश्चात क्रमशः घटी १२% र १०% मा आएको।

ङ) उदारकक्षोन्नति नीति लागू हुनुपूर्व कक्षा १ र २ मा भएको सि.उ. दर क्रमशः ३६% र ३९% बाट वृद्धि भई ५२% र ६०% मा पुगेको।

च) उदारकक्षोन्नति नीति लागू हुनुपूर्व कक्षा १ र २ मा विद्यार्थीहरूको औसत वार्षिक उपस्थिति १५० र १५५ दिन रहेकोमा लागू भए पश्चात क्रमशः १८० र १८३ दिन पुगेको।

छ) उदारकक्षोन्नति नीति लागू भएपछि निरन्तर विद्यार्थी मूल्याङ्कन हुने कुरा अभिभावकलाई जानकारी रहेको ।

ज) अभिभावकहरूले नियमित रूपमा विद्यालयमा सम्पर्क राखी विद्यार्थीको प्रगति प्रतिवेदन बुझ्न पाउने ।

झ) उदारकक्षोन्नति नीति लागू भए पश्चात् अधिकांश अभिभावकका नानीहरू विद्यालयप्रति सकारात्मक भई नियमित विद्यालय जाने गरेको ।

ञ) उदारकक्षोन्नति नीति लागू भए पश्चात् विद्यार्थी नियमित हुने, कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दर कम भई आधारभूत तह पूरा गर्ने दरमा वृद्धि हुने कुरामा सहभागी सबै शिक्षक शिक्षीका एकमत रहेको ।

शोधकर्ता गणेशले उदारकक्षोन्नति नीतिले कक्षा छाड्ने दरमा पारेको प्रभाव सम्बन्धी तथ्याङ्क शास्त्रीय दंगले यथोचित तरिकाले विश्लेषण गरेका छन् भने उद्देश्य अनुसार शोधपत्रको प्राप्ति सम्म पुगेको पाइएको छ। उदारकक्षोन्नति नीति लागू भएपछि कक्षा छाड्ने दरमा कमी आएको तथ्यलाई गणेशले प्रष्ट पारेका छन्। यति हुँदाहुँदैं पनि विद्याथीको सिकाइ उपलब्धि कस्तो छ भन्ने विषयमा प्रस्तुत शोधपत्रले त्यति व्याख्या, विश्लेषण गरेको देखिँदैन । यही कमीलाई पूरा गर्ने पक्षमा यो शोधपत्र केन्द्रित रहेको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०६३) का अनुसार आधारभूत तहमा विद्यार्थी मूल्याङ्कनलाई उच्च स्थान दिइसकेको छ । मूल्याङ्कनलाई विद्यार्थीको सिकाईसँग आवद्ध हुने गरी विकसित गरिने छ। यसरी मूल्याङ्कन गर्दा पाठ्यक्रममा आधारित विद्यार्थीको सक्षमतामा लक्षित गरिने छ। विद्यार्थी मूल्याङ्कनलाई विद्यालयमा आधारित हुने गरी व्यवस्थित गरिने छ र विद्यार्थी मूल्याङ्कनमा शिक्षकलाई जिम्मेवार बनाइने छ। विद्यार्थी मूल्याङ्कन दुई प्रकारको हुने छ। पहिलो निर्माणात्मक र दोस्रो निर्णयात्मक निर्माणत्मक मूल्याङ्कनले विद्यार्थीको शैक्षिक उपलब्धिको अतिरिक्त विद्यार्थीको विशिष्ट व्यवहार, सीप, प्रवृत्ति जस्ता गुणात्मक पक्षहरूको मूल्याङ्कनमा जोड दिनेछ। निर्णात्मक मूल्याङ्कनले विशेष गरी कक्षोन्नति तथा तह वृद्धि तर्फ जोड दिनेछ। निरन्तर मूल्याङ्कन पद्धतिका आधारमा उदारकक्षोन्नतिलाई क्रमशः आधारभूत शिक्षाको कक्षा ७ सम्म लागु गरिने छ ।

फुँयल (२०६५) ले हाल सम्म रहँदै आएको आवधिक मूल्याङ्कन प्रणाली वा परीक्षाले मात्र विद्यार्थीको सर्वाङ्गीण मूल्याङ्कन गर्न नसकिने परीक्षाले त विद्यार्थलिाई कक्षा उत्तीर्ण गराउने कि नगराउने भन्ने कुराको मात्र निर्णय गर्ने हुँदा विद्यार्थीको मूल्याङ्कन नियमितरूपमा गरिनु पर्दछ। मूल्याङ्कन प्रणालीको प्रभावकारिताले नै सिकाइलाई प्रभावकारी बनाउने निष्कर्षका साथ सोधकर्ताले विद्यार्थीहरूको मूल्याङ्कन निरन्तर रूपमा गरिनु पर्ने कुरा उल्लेख गरेका छन्। नेपालमा पनि शिक्षा क्षेत्रसँग सम्बन्धित थुप्रै नविनतम कार्यक्रम आएता पनि तिनीहरूको प्रभावकारिता कार्यान्वयनको अभावमा राम्रा योजनाहरू पनि विलय भएर जाने कुरा तर्फ इंगित गरेको छ। उक्त अध्ययनले परीक्षण कालमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली प्रभावकारी रहेको तर निरन्तर विद्यार्थी मूल्याङ्कनसँग सम्बन्धित प्रष्ट नीति नहुँदा यो मूल्याङ्कन प्रणाली लागु गर्ने कि नगर्ने भन्ने कुरामा अन्योल देखिएको छ। निरन्तर मूल्याङ्कन प्रणाली प्रभावकारी नहुनुमा अभ्यास मूलक शिक्षण सिकाइनहुनु, शिक्षकलाई तालिमको अभाव हुनु, शिक्षककलाई बढी पाठ्यभार हुनु, विद्यालय निरीक्षक र स्रोतव्यक्तिबाट उचित अनुगमन र निरीक्षण नहुनु आदि जस्ता समस्याहरू देखिएका छन्। यसर्थ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीमा देखिएका कठिनाईहरूमा सुधार गरी सबै विद्यालयहरूले निरन्तर मूल्याङ्कन प्रणाली लागु गर्दा उपयोगी हुने कुरा प्रष्ट पारेको छ। निरन्तर मूल्याङ्कन प्रणालीमा देखिएका यी समस्याहरू समाधान गरी यस सँग सम्बन्धित प्रभावकारी शिक्षक तालिम, पर्याप्त भौतिक स्रोत साधन, उपयुक्त शिक्षक विद्यार्थी अनुपात बनाउनु पर्ने साथै प्रभावकारी निरीक्षण र अनुगमनको व्यवस्था गरी निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली प्रभावकारी रूपमा लागु गर्न ठोस पहल गरी तल्लो तह देखि माथिल्लो निकाय सम्म स्पष्ट जिम्मेवारी सुम्पनु पर्ने सुझावहरू दिएको छ।

कार्की (२०६६) ले परमपरागत रूपमा चल्दै आएको परीक्षा प्रणालीले विद्यार्थीको चौतर्फी मूल्याङ्कन गर्न नसकिने निचोड निकाली देशव्यापी रूपमा लागु भई सकेको निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयनको क्रममा देखिएका समस्या र त्यसको उचित समाधानमा केन्द्रित भई अध्ययन गरेको पाइयो। उक्त अध्ययनबाट कार्य संचयिका फायललाई उचित रूपमा व्यवस्थापन नगरेको, विद्यार्थी मूल्याङ्कनको लागि परीक्षा बाहेकका मूल्याङ्कनका अन्य साधनको प्रयोग नगरेको, विद्यार्थी शिक्षक अनुपात उपयुक्त नहुँदा शिक्षकलाई बढी पाठ्यभार परेको, निरन्तर मूल्याङ्कन प्रणाली र उदारकक्षोन्नति सम्बन्धित तालिमको अभाव आदि निष्कर्षहरू प्राप्त भएको पाइयो भने निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रभावकारी

कार्यान्वयनको लागि उचित शिक्षक तालिमको व्यवस्था गर्नुपर्ने, नियमित अनुगमन र निरीक्षणको व्यवस्था गर्नुपर्ने, कार्यसंचयिका फायललाई उचित व्यवस्थापन गर्नका लागि प्रेत्येक कक्षाकोठामा एउटा दराजको व्यवस्था गर्नुपर्ने, निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली सहज रूपमा प्रयोगमा ल्याउनका लागि शिक्षक दरवन्दी थप गरी मूल्याङ्कन प्रणालीलाई संस्थागत विद्यालयमा समेत लागु गर्नू पर्ने सुझावहरू दिएका छन् ।

कुँवर (२०६५) का अनुसार परीक्षा मूल्याङ्कनका विभिन्न साधनहरूमध्येको एउटा साधन मात्र हो । हाम्रो प्रचलित शिक्षण प्रक्रिया परीक्षामुखी छ । हाम्रा विद्यालयमा आज पनि परीक्षालाई विद्यार्थी मूल्याङ्कनको निर्विकल्प साधनको रूपमा लिइन्छ । विद्यार्थी मूल्याङ्कनको मूख्य उद्देश्य कक्षा चढाउनु मात्र नभएर पाठ्यक्रमले तय गरेको न्यूनतम सिकाइ उपलब्धि हासिल गराउनु साथै समग्र शैक्षिक प्रक्रियामा सुधारात्मक प्रक्रिया अपनाउनु हो । वर्तमान मूल्याङ्कन प्रणालीमा देखिएका कठिनाइहरूमा परीक्षालाई मात्र मूल्याङ्कनका साधनको रूपमा लिनु, पठनपाठन क्रियाकलाप परीक्षामूखी हुनु, अवैज्ञानिक मूल्याङ्कन प्रणालीको प्रयोग हुनु, परीक्षाफलको विश्लेषण र प्रयोगको अभाव, मूल्याङ्कन सम्बन्धि वास्तविक ज्ञानको अभाव, शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा मूल्याङ्कनलाई नलिनु, आन्तरिक मूल्याङ्कनको अभाव, प्रश्नपत्र निर्माण र परीक्षणमा ध्यान नदिनु, अभिभावकको चेतनाको कमी, आर्थिक असक्षमता आदि पर्दछन् ।

शर्मा (२०५८) का अनुसार कक्षा १-३ सम्मको मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गर्नका लागि सुझाव नं. ६ मा मूल्याङ्कन र उदारकक्षोन्नतिको व्यवस्था गर्नुपर्ने सुझाव दिइएको छ । जसका अनुसार कक्षा दोहोऱ्याउने र विद्यालय छाड्ने अवस्थाबाट सिर्जित शैक्षिक क्षतिलाई घटाउन र विद्यालयहरूलाई पढाईमा आधारभूत कक्षा १-३ सम्मका विद्यार्थीहरूले स्वभाविक रूपमा तल्लो कक्षाबाट माथिल्लो कक्षामा चढ्न पाउने व्यवस्था गर्नु पर्दछ । उदारकक्षोन्नति अवलम्बन गर्दा अनवरत मूल्याङ्कनलाई सजिलै लैजान आवश्यक छ । विद्यार्थीको उपलब्धिको लेखाजोखाको निम्ति वार्षिक परीक्षाका अतिरिक्त मासिक लिखित तथा मौखिक परीक्षा, गृहकार्य उपस्थिती, अभिलेख समेतलाई आधार बनाउनु पर्दछ भन्ने कुरा उल्लेख गरिएको छ ।

पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रवोधीकरण सामाग्री (२०६५) ले उदारकक्षोन्नति नीति सम्बन्धित मूल्याङ्कनको अभिलेख राख्ने प्रक्रियाका सम्बन्धमा निम्न लिखित ५ वटा

मापदण्डहरू प्रयोग गर्नुपर्ने उल्लेख गरेको छ। जसमा, कार्य सहभागिता, परियोजना कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, हाजिरी रहेका छन्। प्रत्येक पाठको शिक्षण सिकाइका माथि उल्लेखित ५ वटा मापदण्डहरूको आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गरी अतिउत्तम, उत्तम र सामान्यलाई क्रमश (✓✓✓), (✓✓), (✓) रेजा दिने यसरी रेजा दिइसकेपछि त्रैमासिक परीक्षामा विद्यार्थीहरूले विषयगत रूपमा प्राप्त गरेको जम्मा रेजा सङ्ख्या गणना गरी सूत्रका आधारमा क, ख र ग श्रेणी विभाजन गर्नुपर्ने उल्लेख छ। पाठगत रेजा प्रतिशत निकाल्ने सूत्र,

$$\text{रेजा प्रतिशत} = \frac{\text{विद्यार्थीले पाएको जम्मा रेजा}}{\text{जम्मा पढाई भएका पाठसंख्या} \times \text{१५}} \times \text{१००}$$

प्राप्त प्रतिशतमा ७० प्रतिशत भन्दा बढि अङ्क प्राप्त गर्नेलाई क श्रेणी, ४० देखि ७० प्रतिशत विचमा पर्नेलाई ख श्रेणी र ४० प्रतिशत भन्दा कम ल्याउनेलाई ग श्रेणीमा राख्ने, सबै श्रेणीका विद्यार्थीलाई कक्षा चढाउने तर कमजोर विद्यार्थीहरूलाई माथिल्लो कक्षामा सुधारका उपायहरू अपनाउनु पर्ने साथै उदारकक्षोन्नतिका आधार नै नपुगेको विधार्थीहरूलाई अभिभावकसँग परामर्श गरी कक्षा दोहोऱ्याउन लगाउने उल्लेख छ।

भट्ट (२०६५) ले “आधारभूत तहमापनरन्तर मूल्याङ्कन प्रणालीलाई र उदारकक्षोन्नति व्यवस्था कार्यान्वयनको अवस्था” शीर्षकमा उदारकक्षोन्नतित व्यवस्था सम्बन्धमा अभिभावकहरू अनविज्ञ रहेको, शिक्षकहरू पनि यसबारेमा पूर्णरूपमा जानकार नभएको कुरा उल्लेख गर्नु भएको छ। उदारकक्षोन्नति कार्यान्वयनमा विद्यार्थीहरू नियमित रूपमा उपस्थित नहुनु कक्षामा विद्यार्थी सङ्ख्या अधिक हुने र शिक्षकहरू तालिम अप्राप्त हुनु जस्ता कारणहरू प्रमुख समस्याको रूपमा रहेको उल्लेख गर्नु भएको छ। यस्ता समस्याहरू समाधान गर्न सरकारी स्तरबाट कुनै पहल नभएकाले प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि अभिभावकहरूमा नै चेतना जगाउनु पर्ने, विद्यार्थीहरूका कमीकमजोरीहरू औल्याई सुधार गर्नका लागि पुरस्कार, दण्ड सहितको मनोवैज्ञानिक ढङ्गले उपचार गर्नुपर्ने, विद्यार्थीका सम्पूर्ण शैक्षिक क्रियाकलापहरूका समुचित तरिकाबाट रेकर्ड राख्ने र उदारकक्षोन्नति नीति कार्यान्वयनमा देखिएका समस्या समाधानका लागि सम्बन्धित निकायबाट सहयोग हुनुपर्ने सुझाव दिनुभएको छ।

शर्मा (२०६६) का अनुसार उदारकक्षोन्नति नीतिले सबैलाई उत्साहित त गर्छ तर सावधानी पूर्वक निरन्तर मूल्याङ्कन प्रक्रियालई अपनाइ कक्षामा हुने शिक्षण सिकाईलाई प्रभावकारी रूपले अपनाउन नसकेमा वा नपढेमा पनि कक्षोन्नति हुन्छ भनेर नकारात्मक रूपमा लिइयो भने यसबाट ठुलो नोक्सानी हुने र भावी पिढीले पनि आधारभूत कुरा सिक्न नसकेर जग कमजोर भएको घर जस्तै अवस्थामा पुग्न सक्ने कुरा सहजै आकंलन गर्न सकिन्छ। विद्यार्थी मूल्याङ्कनमा शिक्षकहरूको निरन्तर उपस्थितिको महत्वपूर्ण भूमिका रहन्छ तर विभिन्न अध्ययनहरूले देखाए अनुसार शिक्षकहरूको विद्यालयमा हुने अनुपस्थिति पनि निकै ठुलो समस्या रहेको देखिएको छ। शिक्षकहरूको कक्षामा हुने उपस्थिति कम भएमा जिम्मेवारीको बोध नभएमा, धेरै झन्झट गर्ने भनेर विद्यार्थीको मूल्याङ्कन रेकर्ड अध्यापन गरेको पाठ अनुसार नराख्ने, कार्यसंचयिका फायल नबनाउने, सजिलोको लागि परम्परागत मूल्याङ्कन प्रणाली लागु गर्ने अथवा रेकर्ड राख्न र मूल्याङ्कन गर्न नजान्ने समेत अवस्थाले कतिपय जिल्लामा शिक्षण सिकाइ प्रक्रियालाई असर परिरहेको देखिन्छ। अर्कोतर्फ हाम्रो निरीक्षण तथा अनुगमन प्रणाली सुधार गर्न मद्दत गर्ने र कार्यान्वयन प्रभावकारिता ल्याउन पृष्ठपोषण दिने कार्य त्यति पर्याप्त मात्रामा भएको देखिँदैन। उनेको निष्कर्षमा उदारकक्षोन्नति र निरन्तर मूल्याङ्कन प्रक्रियाले विद्यार्थीको मनोवैज्ञानिकतालाई असर नपर्ने गरी, पठनपाठनलाई कक्षामा सिकाइको वातावरण सिर्जना गरी प्रत्येक विद्यार्थीको सिकाइ उपलब्धिको निरन्तर रूपमा पाठ अनुसार मूल्याङ्कन गरी कमजोर पक्षलाई सहयोगी शिक्षणका रूपमा अगाडि बढाउने र विद्यार्थीहरूमा भएको प्रतिभा प्रष्फुटन हुने अवसर सिर्जना गर्ने अपेक्षाका साथ अगाडि बढाएको भए तापनि भौगोलिक विविधता, स्रोत साधनको कमी, दक्ष जनशक्तिको अभाव तथा परम्परागत सोचले गर्दा हाल भइरहेको अवस्थाबाट त्यति सन्तोष लिन सक्ने स्थिति देखिँदैन। अतः यी सबै कुराहरूलाई मनन गरी सञ्चार व्यवस्था र अनुगमन प्रणालीलाई बढी क्रियाशील बनाइ यसले अपेक्षा गरेको लक्ष्य हासिल गराउन सबै पक्षको आ-आफ्नो स्थानबाट सहयोग हुनु पर्ने देखिन्छ ।

ज.ब.रा. श्रेष्ठ र रन्जितकार (२०६६) का अनुसार आधारभूत शिक्षा पाठ्यक्रम २०६२ ले आधारभूत तहको शिक्षण सिकाइलाई परिणाम मूखी बनाउन निर्माणात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई सुनिश्चित गरिने छ। यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नुपर्ने, विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको

व्यवहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिको माध्यमले विद्यार्थीको कार्यसंचयिका राख्नु पर्ने, निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिका आधार मानी उदारकक्षोन्नतिको नीति अनुसार कक्षोन्नति गर्नुपर्ने र उदारकक्षोन्नतिको मापदण्ड पुरा नगर्ने वा अतिकम उपस्थिति भएका र न्युनतम सिकाइ उपलब्धि हासिल नगरेका विद्यार्थीहरूको लागि पुनः सिक्ने अवसर दिने गरी सम्बन्धित शिक्षक, अभिभावक र प्रधानाध्यापकको निर्णयबाट कक्षोन्नति गर्न सकिने कुरा उल्लेख छ। त्यस्तै कक्षा ४ र ५ मा ५० प्रतिशत वार्षिक परीक्षा र ५० प्रतिशत निरन्तर मूल्याङ्कन पद्धतिबाट विद्यार्थीको लेखाजोखा गर्ने लिखित परीक्षाको उत्तीर्णाङ्क ४० प्रतिशत हुने र छुट्टै उत्तीर्ण हुनुपर्ने कुरा उल्लेख गरेको छ।

## २.२ सैद्धान्तिक खाका

कुनै पनि उद्देश्यको प्राप्ति भयो वा भएन भन्ने कुराको निधो गर्न मूल्याङ्कन गरिन्छ। विद्यार्थी मूल्याङ्कन सन्दर्भमा सर्वप्रथम त राष्ट्रिय उद्देश्य पूरा हुने गरी तहगत उद्देश्य तथा कक्षागत उद्देश्य साथै पाठगत उद्देश्य निर्धारण गरिएको हुन्छ। कक्षा शिक्षणबाट प्राप्त हुने उपलब्धिहरूको विश्लेषण शैक्षिक उद्देश्यको वर्गीकरणबाट गरिन्छ (शर्मा एण्ड शर्मा, २०६५)। उपलब्धिहरूको निर्धारण गर्ने कार्य मूल्याङ्कनले गर्दछ। शैक्षिक उद्देश्यको कार्यान्वयनबाट बालबालिकाको व्यवहारमा आएको परिवर्तन वा उपलब्धि के कति हासिल भयो भन्ने मापन गर्न सकिन्छ। मूल्याङ्कनले परिणात्मक लेखाजोखा गर्नुका साथसाथै गुणात्मक मूल्य पनि निर्धारण गर्छ।

मूल्याङ्कनको अवधारणा सर्वप्रथम चीनबाट सुरु भएको मानिन्छ तापनि मूल्याङ्कनको आधुनिक विकासको दृष्टिकोण पश्चिमी मुलुककै देन हो। नेपालमा पनि शैक्षिक उपलब्धिको लेखाजोखा गर्न विभिन्न किसिमका मूल्याङ्कनका कार्यहरू हुँदै आएका छन्। Dr. Lee James Cronbach का अनुसार “कुनै शैक्षिक कार्यक्रमबारे निर्णय दिनका लागि जानकारीहरूको सङ्कलन र उपयोग नै मूल्याङ्कन हो।”

उद्देश्यका आधारमा नै विद्यार्थीको मूल्याङ्कन गरिने हुँदा शैक्षिक उद्देश्य निर्माण गर्ने क्रममा मानवीय व्यवहारको पनि अध्ययन गर्नुपर्दछ। सिकाइ भनेको नै व्यवहारमा आउने परिवर्तन हो र बालबालिकाको व्यवहारमा आउनु भनेको उद्देश्य पूरा हुनु हो। यसरी उद्देश्यको मूल्याङ्कन गरिन्छ। शिक्षाशास्त्री Benzamin S. Bloom ले मानवीय व्यवहारको अध्ययन

गर्दा घटना वा विषयवस्तुको ज्ञान, मानवीय सोचाइ वा भावना, मस्तिष्कको क्रियाशीलता वा क्षमताजस्ता पक्षका आधारमा शैक्षिक उद्देश्यको वर्गीकरण गरेका थिए । सन् १९५६ मा Bloom ले उद्देश्यको वर्गीकरण निम्नानुसार तीन भागमा गरेको पाइन्छ :-

क) संज्ञानात्मक क्षेत्र (Cognitive domain)

ख) भावनात्मक / प्रभावी क्षेत्र (Affective domain)

ग) मनोक्रियात्मक क्षेत्र (Psychomotor domain)

Bloom ले गरेको यस वर्गीकरणलाई Taxonomy of Instructional Objective भनिएको छ । Bloom का अनुसार उद्देश्यका तीनवटा क्षेत्र भएका र संज्ञानात्मक क्षेत्रका छवटा उपक्षेत्रहरू ज्ञान, बोध प्रयोग, विश्लेषण, संश्लेषण र मूल्याङ्कन पर्दछ । भावानात्मक क्षेत्रमा प्राप्त गर्ने, प्रतिक्रिया देखाउने, मान्यता दिने संगठन गर्ने र चरित्रचित्रण गर्न उपक्षेत्र रहेका छन् । Bloom लाई प्रभावी क्षेत्रको उपक्षेत्र निर्धारण गर्न शिक्षाशास्त्री क्राथओलले (Krathwol) पनि सहयोग पुऱ्याएका थिए । मनोत्रियात्मक क्षेत्रका उपक्षेत्रहरूमा भने विद्वानहरू बीच मतैक्य पाइन्न तापनि Bloom र Simpson द्वारा प्रत्यक्षीकरण, तयारी, निर्देशित प्रतिक्रिया, यान्त्रीकरण, जटिल कार्य माथि प्रतिक्रिया भनी उल्लेख गरिएका छन् । बालबालिका व्यवहारसँग सम्बन्ध राख्ने यी तीन क्षेत्रहरूमा संज्ञानात्मक क्षेत्र जान्नुसँग भावानात्मक क्षेत्र अनुभव गर्नुसँग र मनोक्रियात्मक क्षेत्र काम गर्नुसँग सम्बन्धित रहेका छन् ।

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू पूरा भए नभएको हेर्न मूल्याङ्कन गरिने र पूरा हुन नसकेको पाइएमा पुनः सुधारात्मक शिक्षणको माध्यमबाट विद्यार्थीको व्यवहारमा परिवर्तन हुने वा उद्देश्य पूरा हुने गरी सुधारात्मक शिक्षण गर्न शिक्षाशास्त्री Bloom को Taxonomy of Instructional Objective सँग विद्यार्थीको सर्वाङ्गीण पक्षको मूल्याङ्कनको साधन निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति सम्बन्धित रहेको हुनाले Bloom को Taxonomy of Instructional Objective को सैद्धान्ति पृष्ठभूमिलाई आधारभूमि बनाई यस अध्ययनलाई पूर्णता दिइएको छ । निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति निर्माणात्मक भएको Bloom को Taxonomy of Instructional Objective ले पनि निर्माणात्मक मूल्याङ्कनलाई अङ्गीकार गरेको हुनाले साथै मानवीय व्यवहारका पक्षहरूलाई ध्यान दिइने हुँदा यस अध्ययनलाई Bloom को Taxonomy of Instructional Objective सँग सम्बन्ध स्थापना गर्न सहयोग पुगेको छ ।

पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य पूरा भए नभएको मूल्याङ्कन गर्न आवश्यक देखिएका सुधारका लागि हाम्रो मूल्याङ्कन पद्धति केन्द्रित हुनु आवश्यक छ । निर्णयात्मक मूल्याङ्कनले

विद्यार्थीको लेखाजोखामा बढी जोड दिने र निर्माणात्मक मूल्याङ्कनले विद्यार्थीको कमीकमजोरी सुधारमा बढी जोड दिने हुँदा आज मूल्याङ्कन विद्यार्थीको लेखाजोखा गर्न र देखिएका कमीकमजोरी तात्क्षणिक सुधार गर्न समेत गर्नुपर्ने भएको हुँदा निरन्तर विद्यार्थी मूल्याङ्कन यी दुवै कार्य गर्न सक्ने भएकोले Bloom Taxonomy को सिद्धान्त आधारित निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति नै विद्यार्थी मूल्याङ्कनको उपयुक्त र प्रभावकारी माध्यम हो भन्न सकिन्छ ।

यस्तो प्रभावकारी रहेको निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको सहायताले उदार कक्षोन्नतिबाट आधारभूत तहको सिकाइ उपलब्धिमा कस्तो परिवर्तन आएको छ भन्ने कुरा पत्ता लगाउनु नै यस अनुसन्धानको मुख्य काम रहेको छ ।

## २.३ शैक्षिक उपदेयता

आजको प्रतिस्पर्धी समाजमा गुणस्तरीय शिक्षाको आवश्यकता छ। शिक्षा गुणस्तरीय हुन पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धिहरू विद्यार्थीले अधिक मात्रामा हासिल गर्नुपर्छ। यसका लागि सिकाइ उपलब्धि कति मात्रामा प्राप्त हुन सके भनी जानकारी लिन विद्यार्थी मूल्याङ्कन गर्नु आवश्यक छ। सिकाइ उपलब्धि भनेको पाठ्यक्रमले राखेको उद्देश्य मूल्याङ्कनसँग सम्बन्धित हुन्छ। अतः यस अध्ययनलाई पूर्णता दिन Bloom को Taxonomy of Instructional Objective लाई सैद्धान्तिक आधारभूमि बनाइएको छ। उद्देश्य पूरा भए नभएको मापन गर्न मूल्याङ्कनले सहयोग गर्ने भएकाले अध्ययनमा यो सिद्धान्त उपयोगी सिद्ध छ भने मूल्याङ्कनका सम्बन्धमा यसभन्दा अघि के कस्ता कार्यहरू वा व्यवस्थाहरू भएका छन् भनी सम्बन्धित विभिन्न पुस्तकहरू, योजना, कार्यक्रम, निर्देशिका पत्रका, पाठ्यक्रमहरूको अध्ययनबाट विद्यार्थी मूल्याङ्कन सम्बन्धी गरे भएका व्यवस्थाका विषयमा जानकारी प्राप्त भएको र यसका आधारमा अध्ययनलाई अघि बढाउन सहज भएको छ भने पूर्व साहित्यिक कृतिहरूले अध्ययनलाई निष्कर्षमा पुऱ्याउन सहयोग गरेका छन्। यसअघि उदारकक्षोन्नति नीतिले सिकाइ उपलब्धिमा पारेको प्रभाव विषयमा कुनै अध्ययन अनुसन्धान भएको नपाइएकोले सोको अध्ययन गरी निष्कर्षमा पुग्न पनि पूर्वसाहित्यिक कृतिहरूको अध्ययनतबाट सहयोग पुगेको छ। यस्ता कृतिहरूको अध्ययनले शोधकर्तालाई विद्यार्थी मूल्याङ्कन सम्बन्धी विषयमा जानकारी प्राप्त भएकाले अध्ययनलाई व्यवस्थित बनाउन आवश्यक मार्ग निर्देश गर्न यस कार्यले सहयोग पुऱ्याएको छ।

# परिच्छेद तीन

# अध्ययन विधि

कुनै पनि अध्ययनलाई प्रभावकारी र सहज ढङ्गले सम्पन्न गर्नको लागि विधिहरू पूर्व निर्धारित हुनुपर्दछ यसर्थ अध्ययनमा निम्नानुसार विधि अवलम्बन गरिएको छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

प्रत्येक अनुसन्धानको अध्ययन गर्ने विषयको प्रकृति अनुसार अध्ययनका ढाँचा पछि फरक फरक हुन्छन् । यो अध्ययनमा गुणात्मक तथा परिमाणात्मक तथ्याङ्कहरूलाई सङ्कलन गरिएको छ । प्राप्त तथ्याङ्कहरूलाई विश्लेषणबाट तथा उत्तरदाताको भावना र अनुभवमा आधारित भई व्याख्या गरिने छ । यसैले यो अध्ययनको ढाँचा मिश्रित प्रकृतिको छ ।

## ३.२ जनसङ्ख्या

यो अध्ययन झापा जिल्लाको काँकरभिट्टा स्रोत केन्द्रका विद्यालयहरूमा हुने हुँदा स्रोतकेन्द्रका विद्यालय निरीक्षक, प्रधानाध्यापक, आधारभूत तहमा अध्ययनरत विद्यार्थी र अभिभावकहरू लाई सम्पूर्ण जनसङ्ख्याको रूपमा लिइएको छ ।

## ३.३ नमुना छनौट प्रक्रिया तथा नमुनाको आकार र छनौटको आधार

यस अध्ययनका लागि निर्धारित जनसङ्ख्याबाट विद्यालय छनौट गर्न स्तरीकृत नमुना छनौट विधि र शिक्षक तथा अभिभावकहरूलाई छनौट गर्न उद्देश्यमूलक नमुना छनौट विधिको प्रयोग गरिएको छ :

क) जनसङ्ख्या पर्ने झापा जिल्ला काँकरभिट्टा स्रोतकेन्द्रका २२ वटा विद्यालयहरूमध्ये ४ वटा विद्यालयहरू छनौट गरिएको छ ।

ख) छनौटमा परेका विद्यालयका आधारभूत तहमा अध्यापन गरी उदारकक्षोन्नतिलाई प्रयोग गरिरहेको २/२ जना शिक्षक गरी ८ जना शिक्षकहरूलाई छनौट गरिएको छ ।

ग) छनौट परेका विद्यालयका आधारभूत तहमा अध्ययनरत विद्यार्थीहरूको अभिभावक मध्येबाट २/२ जद्दना गरी ८ जना अभिभावक छनौट गरिएको छ ।

घ) छनौट परेका विद्यालयका १/१ जना प्रधानाध्यापक. १ जना स्रोतव्यक्ति र १ जना विद्यालय निरीक्षक लाई छनौट गरिएको छ ।

ङ) छनौटमा परेका विद्यालयका २/२ जना विद्यार्थी गरी ८ जना विद्यार्थीलाई छनौट गरिएको छ ।

आधारभूत तहमा निरन्तर मूल्याङ्कनका रूपमा गरिने उदारकक्षोन्नति नीति कार्यान्वयनले सिकाइ उपलब्धिमा पारेको प्रभावको विषयमा सूचना सङ्कलन गरी अध्ययन अनुसन्धान गर्नको लागि अध्ययनकर्ताको सहजता तथा भौगोलिक दृष्टिकोणले सहज र सकंलित सूचनाहरूमा विश्वसनियता हुने साथै मितव्ययिता पनि हुने भएकोले काँकरभिट्टा स्रोत केन्द्रका चारवटा विद्यालयहरू गरिएको हो । चारवटा विद्यालयको Random Sampling का आधारमा शैक्षिक सत्र २०७०, २०७२ र २०७४ को तथ्याङ्कलाई समावेश गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलन साधनहरू

यो अध्ययन सम्पन्न गर्न निम्न साधनहरूको निर्माण गरी तथ्याङ्क सङ्कलन गरियो ।

### ३.४.१ प्रश्नावली

प्रधानाध्यापक. तथा शिक्षकको लागि प्रश्नावली उदारकक्षोन्नतिको अवधारणा, उदार कक्षोन्नतिको मापदण्ड र यसले शिक्षण सिकाइमा पारेको प्रभावको विषयमा तथ्याङ्क सङ्कलन गर्न बन्द र खुल्ला प्रश्नावलीको प्रयोग गरिएको छ ।

### ३.४.२ अन्तर्वार्ताका लागि प्रश्नावली सूची

उदारकक्षोन्नतिको अवधारणा तथा उदारकक्षोन्नतिले नीतिको कार्यान्वयनले सिकाइ उपलब्धिमा पारेको प्रभावबारे अभिभावकको बुझाई विचार र धारणाहरू लिन अन्तर्वार्ता निर्देशिका बनाई अन्तर्वार्ता लिएको छ ।

### ३.४.३ समूह छलफलका सवालहरू

उदारकक्षोन्नति नीतिको कार्यान्वयनले सिकाइ उपलब्धिमा पारेको प्रभावको विषयमा सबै सरोकारवालाहरूको धारणा एकै ठाँउमा रहेर बुझ्न विद्यालय निरीक्षक स्रोतव्यक्ति, प्रधानाध्यापक., शिक्षक तथा अभिभावकहरूको संयुक्त भेला गराई निर्देशिका तयार गरी समूह छलफल गरिएको छ ।

### ३.५.४ सर्वेक्षण फारम

विद्यालयले उदारकक्षोन्नति मूल्याङ्कन गर्न प्रयोग गरेका फारमहरू, कार्यसञ्चयिका मूल्याङ्कन अभिलेखबाट प्राप्त तथ्याङ्कहरूलाई फारमा भरिएको छ ।

## ३.५ तथ्याङ्क स्रोत

आधारभूत तहमा उदारकक्षोन्नति नीतिको कार्यान्वयनले सिकाइ उपलब्धिमा पारेको प्रभाव सम्बन्धी यस अध्ययन अनुसन्धान तथ्याङ्कको स्रोतको रूपमा प्राथमिक द्वितीय दुवै स्रोतहरूको प्रयोग गरिएको छ ।

### ३.५.१ प्राथमिक स्रोत

उदारकक्षोन्नति नीतिको कार्यान्वयनले सिकाइ उपलब्धिमा पारेको प्रभाव पत्ता लगाउन छनौटमा परेका विद्यालयका प्रधानाध्यापक., शिक्षक, अभिभावक, स्रोतव्यक्ति र विद्यालय निरीक्षकलाई उनीहरूसँगै नै आमनेसामने भएर प्रश्नावली अन्तर्वार्ता अवलोकन र छलफलबाट सूचनाहरू सङ्कलन गरिएको छ ।

### ३.५.२ द्वितीय स्रोत

उदारकक्षोन्नति नीतिको कार्यान्वयनले सिकाइउपलब्धिमा पारेको प्रभाव पत्ता लगाउन प्राथमिक स्रोतबाट प्राप्त सूचनाहरू मात्र पर्याप्त नभएकोले द्वितीय स्रोत विद्यालयको परिणाम अभिलेख, विद्यार्थीको अभिलेख, कार्यसंञ्चिका फायल तथा पत्रपत्रिका, बुलेटिन, विभिन्न किताबहरूको आधारमा सूचना सङ्कलन गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण

उदारकक्षोन्नति नीतिको कार्यान्वयनले सिकाइ उपलब्धिमा पारेको प्रभावसँग सम्बन्धित रहेर सङ्कलन गरिएका तथ्याङ्कहरूलाई बोधगम्य, अर्थपूर्ण, स्पष्ट बनाउन तथ्याङ्कको स्वरूप अनुसार र व्यवस्थित रूपमा राख्न तालिम, वृतचित्र, डायग्राम आदिमा प्रस्तुत गरी वर्णानात्मक ढङ्गले विवेचना गरिएको छ र देखिएको सुधार गर्नुपर्ने पक्षहरूलाई सुधारका लागि सुझावका रूपमा प्रस्तुत गरिएको छ ।

तथ्याङ्क विश्लेषणको क्रममा छनौटमा परेका विद्यालयहरूको Random Sampling का आधारमा तीन वर्षको विद्यार्थी भर्ना, परीक्षामा सम्मिलित विद्यार्थी र सम्मिलितमध्ये उत्तीर्ण विद्यार्थीको तथ्यांकलाई आधारमानी विश्लेषण गरिएको छ। Random Sampling का आधारमा छनौटमा परेका विद्यालयहरूको २०७०, २०७२ र २०७४ सालको शैक्षिक सत्र पार गरेका अवस्थालाई लिइएको छ ।

# परिच्छेद चार

# तथ्याङ्कको व्याख्या र विश्लेषण

अध्ययनको उद्देश्य पूर्तिको लागि विभिन्न साधनहरूको प्रयोगबाट प्राप्त भएका तथ्याङ्कहरूलाई विभिन्न छुट्टाछुट्टै शीर्षक राखी व्याख्या विश्लेषण एवं प्रंस्तुतीकरण गरिएको छ । विभिन्न क्षेत्रबाट प्राप्त भएका प्राथमिक तथा द्वितीय तथ्याङ्कका आधारमा उदारकक्षोन्नति नीतिको कार्यान्वयनले सिकाइ उपलब्धिमा पारेको प्रभाव यसका समस्या तथा उदारकक्षोन्नति पद्धतिलाई अझै प्रभावकारी बनाउने उपायहरूलाई तथ्याङ्क शास्त्रीय विधिको प्रयोग गरी तालिका, पाईचार्ट र स्तम्भ चित्रहरूमा प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ ।

## ४.१ उदारकक्षोन्नति नीतिको कार्यान्वयनाको वर्तमान अवस्था

निरन्तर विद्यार्थी मूल्याङ्कन अन्तर्गत उदारकक्षोन्नति नीतिको कार्यान्वयनको वर्तमान अवस्था पहिचान गर्नुभन्दा अगाडि अध्ययनका लागि नमुना छनौटमा परेका विद्यालयको जम्मा भर्ना परीक्षामा सम्मिलित तथा उत्तीर्ण विद्यार्थी विवरण प्रस्तुत गरिएको छ ।

**तालिका १ : शैक्षिक सत्र २०७० को जम्मा विद्यार्थी भर्ना**

| क्र.स. | विद्यालयको नाम | कक्षा-१ | | | कक्षा-२ | | | कक्षा-३ | | | कक्षा-४ | | | कक्षा-५ | | | कक्षा-१-५ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | सरस्वती आ.वि. | १९ | १५ | ३४ | ९ | १० | १९ | २४ | २४ | ४८ | २६ | १५ | ४१ | २४ | १२ | ३६ | १०२ | ७६ | १७८ |
| २ | महानन्द आ.वि. | ४ | १३ | १७ | ९ | ७ | १६ | ८ | १२ | २० | ८ | ८ | १६ | ७ | ४ | ११ | ३६ | ४४ | ८० |
| ३ | काँकभिट्टा मा.वि. | २५ | २६ | ५१ | २० | २९ | ४९ | २८ | १९ | ४७ | २८ | २९ | ५७ | ३७ | ३१ | ६८ | १३८ | १३४ | २७२ |
| ४ | आदर्श मा.वि. | १८ | १३ | ३१ | १६ | १७ | ३३ | १४ | १४ | २८ | १५ | १७ | ३२ | ३७ | २९ | ६६ | १०० | ९० | १९० |
| | जम्मा | ६६ | ६७ | १३३ | ५४ | ६३ | ११७ | ७४ | ६९ | १४३ | ७७ | ६९ | १४६ | १०५ | ७६ | १८१ | ३७६ | ३४४ | ७२० |

स्रोतः- विद्यालय भर्ना रजिष्टर २०७०

तालिका १ मा शैक्षिक सत्र २०७० को आधारभूत तह मध्ये १-५ को विद्यार्थी भर्ना सम्बन्धी विवरण प्रस्तुत गरिएको छ । नमुना छनौटमा परेका चारवटा विद्यालयहरूको विद्यार्थी भर्ना हेर्दा समष्टिमा ५२.२२ प्रतिशत छात्रा र ४७.७८ प्रतिशत छात्रहरू भर्ना भएको देखिएको छ । यसरी विद्यार्थी जम्मा भर्नामा छात्रभन्दा छात्राको प्रतिशत बढी देखिन्छ । यसैगरी नमुना

छनौटमा परेका विद्यालयहरूको २०७२ को जम्मा भर्ना विद्यार्थीको विवरण तल प्रस्तुत गरिएको छ ।

**तालिका २ : शैक्षिक सत्र २०७२ को जम्मा विद्यार्थी भर्ना**

| क्र. स. | विद्यालयको नाम | कक्षा-१ | | | कक्षा-२ | | | कक्षा-३ | | | कक्षा-४ | | | कक्षा-५ | | | कक्षा-१-५ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | सरस्वती आ.वि. | १४ | १० | २४ | ९ | १३ | २२ | ७ | १५ | २२ | २० | २२ | ४२ | २८ | १३ | ४१ | ७८ | ७३ | १५१ |
| २ | महानन्द आ.वि. | ७ | ७ | १४ | १० | ७ | १७ | १० | ८ | १८ | ७ | ८ | १५ | ६ | ५ | ११ | ४० | ३५ | ७५ |
| ३ | काँकभिट्टा मा.वि. | १७ | १८ | ३५ | १८ | ७ | २५ | २६ | २७ | ५३ | २३ | २४ | ४७ | २३ | १२ | ३५ | १०७ | ८८ | १९५ |
| ४ | आदर्श मा.वि. | २० | १५ | ३५ | ११ | ९ | २० | १६ | १६ | ३२ | १९ | १५ | ३४ | ३८ | २७ | ६५ | १०४ | ८२ | १८६ |
| | जम्मा | ५८ | ५० | १०८ | ४८ | ३६ | ८४ | ५९ | ६६ | १२५ | ६९ | ६९ | १३८ | ९५ | ५७ | १५२ | ३२९ | २७८ | ६०७ |

स्रोतः- विद्यालय भर्ना रजिष्टर २०७२

तालिका २ मा शैक्षिक सत्र २०७२ को आधारभूत तह मध्ये १-५ को विद्यार्थी भर्ना सम्बन्धी विवरण प्रस्तुत गरिएको छ । नमुना छनौटमा परेका चारवटा विद्यालयहरूको विद्यार्थी भर्ना हेर्दा ५४.२० प्रतिशत छात्रा र ४५.८० प्रतिशत छात्रहरू भर्ना भएको देखिएको छ । यसरी विद्यार्थी भर्नामा छात्रभन्दा छात्राको प्रतिशत बढी देखिन्छ ।

उदारकक्षोन्नति नीतिको कार्यान्वयनले सिकाइ उपलब्धिमा पारेको प्रभावका लागि छनौटमा परेका विद्यालयहरूबाट परीक्षामा सामेल भएका विद्यार्थीहरूको तथा शैक्षिक सत्र २०७४ को आधारभूत तह मध्ये १-५ को विद्यार्थी भर्ना सम्बन्धि विवरण तल प्रस्तुत गरिएको छ ।

**तालिका ३ : शैक्षिक सत्र २०७४ को जम्मा विद्यार्थी भर्ना**

| क्र. स. | विद्यालयको नाम | कक्षा-१ | | | कक्षा-२ | | | कक्षा-३ | | | कक्षा-४ | | | कक्षा-५ | | | कक्षा-१-५ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | सरस्वती आ.वि. | ९ | ७ | १६ | ६ | ३ | ९ | ९ | ८ | १७ | ९ | १६ | २५ | ७ | १३ | २० | ४० | ४७ | ८७ |
| २ | महानन्द आ.वि. | ८ | ७ | १५ | ११ | ८ | १९ | ९ | ८ | १७ | ७ | ४ | ११ | ७ | ६ | १३ | ४२ | ३३ | ७५ |
| ३ | काँकभिट्टा मा.वि. | १७ | १४ | ३१ | १८ | १७ | ३५ | २६ | १६ | ४२ | ३२ | २६ | ५८ | ३२ | २८ | ६० | १२५ | १०१ | २२६ |
| ४ | आदर्श मा.वि. | २० | १६ | ३६ | १९ | १६ | ३५ | १८ | १७ | ३५ | १९ | १५ | ३४ | ३८ | ३० | ६८ | ११४ | १०२ | २१६ |
| | जम्मा | ५४ | ४४ | ९८ | ५४ | ४४ | ९८ | ६२ | ४९ | १११ | ६७ | ६१ | १२८ | ८४ | ७७ | १६१ | ३२१ | २८३ | ६०४ |

स्रोतः- विद्यालय भर्ना रजिष्टर २०७४

तालिका ३ मा शैक्षिक सत्र २०७४ को आधारभूत तह मध्ये १-५ को विद्यार्थी भर्ना सम्बन्धी विवरण प्रस्तुत गरिएको छ। नमुना छनौटमा परेका चारवटा विद्यालयहरूको विद्यार्थी भर्ना हेर्दा समष्टिमा ५३.१४ प्रतिशत छात्रा र ४६.८६ प्रतिशत छात्रहरू भर्ना भएको देखिएको छ। यसरी विद्यार्थी जम्मा भर्नामा छात्रभन्दा छात्राको प्रतिशत बढी देखिन्छ।

उदारकक्षोन्नति नीतिको कार्यान्वयनले सिकाइ उपलब्धिमा पारेको प्रभावका लागि छनौटमा परेका विद्यालयहरूबाट परीक्षामा सामेल भएका विद्यार्थीहरूको तथ्याङ्क तल प्रस्तुत गरिएको छ।

**तालिका ४ : शैक्षिक सत्र २०७० को परीक्षामा सम्मिलित विद्यार्थी**

| क्र.स. | विद्यालयको नाम | कक्षा-१ | | | कक्षा-२ | | | कक्षा-३ | | | कक्षा-४ | | | कक्षा-५ | | | कक्षा-१-५ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | सरस्वती आ.वि. | १५ | ९ | २४ | ६ | ९ | १५ | २१ | २२ | ४३ | २५ | १२ | ३७ | २३ | १० | ३३ | ९० | ६८ | १५८ |
| २ | महानन्द आ.वि. | ४ | ५ | ९ | ९ | ७ | १६ | ९ | ७ | १६ | ८ | ६ | १४ | ७ | ४ | ११ | ३७ | २९ | ६६ |
| ३ | काँकभिट्टा मा.वि. | २१ | १४ | ३५ | १७ | २४ | ४१ | २८ | १९ | ४७ | २४ | २९ | ५३ | ३४ | २७ | ६१ | १२४ | ११३ | २३७ |
| ४ | आदर्श मा.वि. | १७ | १२ | २९ | १४ | १३ | २७ | १४ | १० | २४ | १३ | १६ | २९ | ३० | २६ | ५६ | ८८ | ७७ | १६५ |
| | जम्मा | ५७ | ४० | ९७ | ४६ | ५३ | ९९ | ७२ | ५८ | १३० | ७० | ६३ | १३३ | ९४ | ६७ | १६१ | ३३९ | २८७ | ६२६ |

स्रोतः- विद्यालय तथ्याङ्क २०७०

तालिका ४ मा शैक्षिक सत्र २०७० को आधारभूत तह मध्ये १-५ को विद्यार्थी मध्ये परीक्षामा सामेल विद्यार्थीहरूको विवरण प्रस्तुत गरिएको छ। नमुना छनौटमा परेका चारवटा विद्यालयहरूको परीक्षामा सामेल विवरण हेर्दा ९०.१५ प्रतिशत छात्रा र ८३.४३ प्रतिशत छात्रहरू परीक्षामा सामेल भएको देखिएको छ। यसरी परीक्षामा सामेल विद्यार्थीमध्ये छात्राहरूको प्रतिशत बढी देखिन्छ।

उदारकक्षोन्नति नीतिको कार्यान्वयनले सिकाइ उपलब्धिमा पारेको प्रभावका लागि छनौटमा परेका विद्यालयहरूबाट परीक्षामा सामेल भएका विद्यार्थीहरूको तथ्याङ्क तल प्रस्तुत गरिएको छ।

## तालिका ५ : शैक्षिक सत्र २०७२ को परीक्षामा सम्मिलित विद्यार्थी

| क्र. स. | विद्यालयको नाम | कक्षा-१ | | | कक्षा-२ | | | कक्षा-३ | | | कक्षा-४ | | | कक्षा-५ | | | कक्षा-१-५ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | सरस्वती आ.वि. | ११ | ५ | १६ | ९ | ६ | १५ | १० | ४ | १४ | २० | २२ | ४२ | २६ | ११ | ३७ | ७६ | ४८ | १२४ |
| २ | महानन्द आ.वि. | ६ | ५ | ११ | ९ | ७ | १६ | ९ | ८ | १७ | ६ | ६ | १२ | ५ | ५ | १० | ३४ | ३१ | ६५ |
| ३ | काँकभिट्टा मा.वि. | १४ | १५ | २९ | १५ | ७ | २२ | २३ | २४ | ४७ | २० | २१ | ४१ | २० | १२ | ३२ | ९२ | ७९ | १७१ |
| ४ | आदर्श मा.वि. | १८ | १३ | ३१ | १० | ९ | १९ | १४ | १३ | २७ | १६ | १४ | ३० | ३० | ३२ | ६२ | ८८ | ८१ | १६९ |
| | जम्मा | ४९ | ३८ | ८७ | ४३ | २९ | ७२ | ५६ | ४९ | १०५ | ६२ | ६३ | १२५ | ८१ | ६० | १४१ | २९० | २३९ | ५२९ |

स्रोतः- विद्यालय तथ्याङ्क २०७२

तालिका ५ मा शैक्षिक सत्र २०७२ को आधारभूत तह मध्ये १-५ को विद्यार्थी मध्ये परीक्षामा सामेल विद्यार्थीहरूको विवरण प्रस्तुत गरिएको छ। नमुना छनौटमा परेका चारवटा विद्यालयहरूको परीक्षामा सामेल विवरण हेर्दा ८८.१४ प्रतिशत छात्रा र ८५.९७ प्रतिशत छात्रहरू परीक्षामा सामेल भएको देखिएको छ। यसरी परीक्षामा सामेल विद्यार्थी मध्ये छात्राहरूको प्रतिशत बढी देखिन्छ।

उदारकक्षोन्नति नीतिको कार्यान्वयनले सिकाइ उपलब्धिमा पारेको प्रभावका लागि छनौटमा परेका विद्यालयहरूबाट परीक्षामा सामेल भएका विद्यार्थीहरूको तथ्याङ्क तल प्रस्तुत गरिएको छ।

## तालिका ६ : शैक्षिक सत्र २०७४ को परीक्षामा सम्मिलित विद्यार्थी

| क्र. स. | विद्यालयको नाम | कक्षा-१ | | | कक्षा-२ | | | कक्षा-३ | | | कक्षा-४ | | | कक्षा-५ | | | कक्षा-१-५ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | सरस्वती आ.वि. | ६ | ५ | ११ | ५ | ३ | ८ | ७ | ६ | १३ | ९ | १६ | २५ | ७ | १३ | २० | ३४ | ४३ | ७७ |
| २ | महानन्द आ.वि. | ७ | ५ | १२ | ९ | ७ | १६ | ८ | ८ | १६ | ६ | ४ | १० | ६ | ५ | ११ | ३६ | २९ | ६५ |
| ३ | काँकभिट्टा मा.वि. | १४ | १३ | २७ | १६ | १५ | ३१ | २४ | १४ | ३८ | २८ | २४ | ५२ | ३० | २० | ५० | ११२ | ८६ | १९८ |
| ४ | आदर्श मा.वि. | १८ | १४ | ३२ | १६ | १५ | ३१ | १४ | १३ | २७ | १७ | १४ | ३१ | ३४ | २८ | ६२ | ९९ | ८४ | १८३ |
| | जम्मा | ४५ | ३७ | ८२ | ४६ | ४० | ८६ | ५३ | ४१ | ९४ | ६० | ५८ | ११८ | ७७ | ६६ | १४३ | २८१ | २४२ | ५२३ |

स्रोतः- विद्यालय तथ्याङ्क २०७४

तालिका ६ मा शैक्षिक सत्र २०७४ को आधारभूत तह मध्ये १-५ को विद्यार्थी मध्ये परीक्षामा सामेल विद्यार्थीहरूको विवरण प्रस्तुत गरिएको छ। नमुना छनौटमा परेका चारवटा विद्यालयहरूको परीक्षामा सामेल विवरण हेर्दा ८७.५३ प्रतिशत छात्रा र ८५.५१ प्रतिशत छात्रहरू परीक्षामा सामेल भएको देखिएको छ। यसरी परीक्षामा सामेल विद्यार्थी मध्ये छात्राहरूको प्रतिशत बढी देखिन्छ।

उदारकक्षोन्नति नीतिको कार्यान्वयनले सिकाइ उपलब्धिमा पारेको प्रभावका लागि छनौटमा परेका विद्यालयहरूबाट परीक्षामा सामेल भएका मध्ये उत्तीर्ण विद्यार्थीहरूको तथ्याङ्क तल प्रस्तुत गरिएको छ।

**तालिका ७ : शैक्षिक सत्र २०७० को परीक्षामा उत्तीर्ण विद्यार्थी विवरण**

| क्र.स. | विद्यालयको नाम | कक्षा-१ | | | कक्षा-२ | | | कक्षा-३ | | | कक्षा-४ | | | कक्षा-५ | | | कक्षा-१-५ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | सरस्वती आ.वि. | १० | ७ | १७ | ६ | ९ | १५ | २१ | २२ | ४३ | २३ | १० | ३३ | २० | ८ | २८ | ८० | ५६ | १३६ |
| २ | महानन्द आ.वि. | ४ | ५ | ९ | ९ | ७ | १६ | ९ | ६ | १५ | ८ | ६ | १४ | ७ | ४ | ११ | ३७ | २८ | ६५ |
| ३ | काँकभिट्टा मा.वि. | १८ | १३ | ३१ | १३ | २० | ३३ | २५ | १७ | ४२ | २० | २५ | ४५ | ३२ | २० | ५२ | १०८ | ९५ | २०३ |
| ४ | आदर्श मा.वि. | १७ | १२ | २९ | १४ | १३ | २७ | १३ | ९ | २२ | १३ | १४ | २७ | २८ | २४ | ५२ | ८५ | ७२ | १५७ |
| | जम्मा | ४९ | ३७ | ८६ | ४२ | ४९ | ९१ | ६८ | ५४ | १२२ | ६४ | ५५ | ११९ | ८७ | ५६ | १४३ | ३१० | २५१ | ५६१ |

स्रोतः- विद्यालयको वार्षिक परीक्षाफल २०७०

माथि दिइएको तथ्याङ्कलाई हेर्ने हो भने परीक्षामा सामेल छात्राहरू मध्ये ९१.४४ प्रतिशत छात्राहरू उत्तीर्ण भएको देखिन्छ। त्यस्तै परीक्षामा सामेल छात्रहरू मध्ये ८७.४५ प्रतिशत छात्रहरू उत्तीर्ण भएको देखिन्छ। यसमा कक्षा १, २ र ३ लाई पूर्ण रूपमा निरन्तर मूल्याङ्कन गरी उदारकक्षोन्नति गरिएको छ भने कक्षा ४ र ५ लाई ५० प्रतिशत आवधिक परीक्षा र ५० प्रतिशत निरन्तर मूल्याङ्कन गरी कक्षोन्नति गरिएको छ।

उदारकक्षोन्नति नीतिको कार्यान्वयनले सिकाइ उपलब्धिमा पारेको प्रभावका लागि छनौटमा परेका विद्यालयहरूबाट परीक्षामा सामेल भएका मध्ये उत्तीर्ण विद्यार्थीहरूको तथ्याङ्क तल प्रस्तुत गरिएको छ।

### तालिका ८ : शैक्षिक सत्र २०७२ को परीक्षामा उत्तीर्ण विद्यार्थी विवरण

| क्र. स. | विद्यालयको नाम | कक्षा-१ | | | कक्षा-२ | | | कक्षा-३ | | | कक्षा-४ | | | कक्षा-५ | | | कक्षा-१-५ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | सरस्वती आ.वि. | १० | ४ | १४ | ८ | ५ | १३ | ९ | ४ | १३ | १८ | २० | ३८ | २३ | १० | ३३ | ६८ | ४३ | १११ |
| २ | महानन्द आ.वि. | ४ | ५ | ९ | ८ | ७ | १५ | ८ | ७ | १५ | ६ | ६ | १२ | ५ | ५ | १० | ३१ | ३० | ६१ |
| ३ | काँकभिट्टा मा.वि. | १२ | १३ | २५ | १३ | ७ | २० | २२ | २२ | ४४ | १८ | २० | ३८ | १८ | १२ | ३० | ८३ | ७४ | १५७ |
| ४ | आदर्श मा.वि. | १६ | १३ | २९ | १० | ८ | १८ | १३ | १३ | २६ | १५ | १३ | २८ | २८ | ३० | ५८ | ८२ | ७७ | १५९ |
| | जम्मा | ४२ | ३५ | ७७ | ३९ | २७ | ६६ | ५२ | ४६ | ९८ | ५७ | ५९ | ११६ | ७४ | ५७ | १३१ | २६४ | २२४ | ४८८ |

स्रोतः- विद्यालयको वार्षिक परीक्षाफल २०७२

माथि दिइएको तथ्याङ्कलाई हेर्ने हो भने परीक्षामा सामेल छात्राहरू मध्ये ९१.०३ प्रतिशत छात्राहरू उत्तीर्ण भएको देखिन्छ। त्यस्तै परीक्षामा सामेल छात्रहरू मध्ये ९३.७२ प्रतिशत छात्रहरू उत्तीर्ण भएको देखिन्छ। यसमा कक्षा १, २ र ३ लाई पूर्ण रूपमा निरन्तर मूल्याङ्कन गरी उदारकक्षोन्नति गरिएको छ भने कक्षा ४ र ५ लाई ५० प्रतिशत आवधिक परीक्षा र ५० प्रतिशत निरन्तर मूल्याङ्कन गरी कक्षोन्नति गरिएको छ।

उदारकक्षोन्नति नीतिको कार्यान्वयनले सिकाइ उपलब्धिमा पारेको प्रभावका लागि छनौटमा परेका विद्यालयहरूबाट परीक्षामा सामेल भएका मध्ये उत्तीर्ण विद्यार्थीहरूको तथ्याङ्क तल प्रस्तुत गरिएको छ।

### तालिका ९ : शैक्षिक सत्र २०७४ को परीक्षामा उत्तीर्ण विद्यार्थी विवरण

| क्र. स. | विद्यालयको नाम | कक्षा-१ | | | कक्षा-२ | | | कक्षा-३ | | | कक्षा-४ | | | कक्षा-५ | | | कक्षा-१-५ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | सरस्वती आ.वि. | ५ | ५ | १० | ५ | ३ | ८ | ६ | ६ | १२ | ९ | १५ | २४ | ७ | १२ | १९ | ३२ | ४१ | ७३ |
| २ | महानन्द आ.वि. | ७ | ५ | १२ | ९ | ७ | १६ | ७ | ७ | १४ | ६ | ४ | १० | ६ | ५ | ११ | ३५ | २८ | ६३ |
| ३ | काँकभिट्टा मा.वि. | १३ | १२ | २५ | १४ | १५ | २९ | २३ | १४ | ३७ | २७ | २० | ४७ | २८ | २० | ४८ | १०५ | ८१ | १८६ |
| ४ | आदर्श मा.वि. | १८ | १३ | ३१ | १५ | १५ | ३० | १३ | १३ | २६ | १६ | १४ | ३० | ३२ | २५ | ५७ | ९४ | ८० | १७४ |
| | जम्मा | ४३ | ३५ | ७८ | ४३ | ४० | ८३ | ४९ | ४० | ८९ | ५८ | ५३ | १११ | ७३ | ६२ | १३५ | २६६ | २३० | ४९६ |


स्रोतः- विद्यालयको वार्षिक परीक्षाफल २०७४

माथि दिइएको तथ्याङ्कलाई हेर्ने हो भने परीक्षामा सामेल छात्राहरू मध्ये ८२.८६ प्रतिशत छात्राहरू उत्तीर्ण भएको देखिन्छ। त्यस्तै परीक्षामा सामेल छात्रहरू मध्ये ८१.२७ प्रतिशत छात्रहरू उत्तीर्ण भएको देखिन्छ। यसमा कक्षा १, २ र ३ लाई पूर्ण रूपमा निरन्तर मूल्याङ्कन गरी उदारकक्षोन्नति गरिएको छ भने कक्षा ४ र ५ लाई ५० प्रतिशत आवधिक परीक्षा र ५० प्रतिशत निरन्तर मूल्याङ्कन गरी कक्षोन्नति गरिएको छ।

### ४.१.१ सिकाइ उपलब्धिको तुलनात्मक विश्लेषण

उदारकक्षोन्नति नीतिको कार्यान्वयनले सिकाइउपलब्धिमा पारेको प्रभावको लागि पूर्ण रूपमा निरन्तर मूल्याङ्कनबाट उदारकक्षोन्नति गरिने कक्षा- १, २ र ३ को विभिन्न शैक्षिक सत्रको विषयगत सिकाइउपलब्धिको तुलनात्मक विश्लेषण दिइएको छ।

**चित्र नं. १: सिकाइ उपलब्धिको तुलनात्मक विश्लेषण**




स्रोतः- विद्यालय वार्षिक परीक्षाफल


माथिको स्तम्भ चित्रमा हेर्ने हो भने छनौटमा परेका विद्यालयहरूमा कक्षा १, २ र ३ मा पूर्ण रूपमा निरन्तर मूल्याङ्कन गरी उदारकक्षोन्नति गरिएको पाइयो। जसमा प्रत्येक शैक्षिक सत्रमा सिकाइ उपलब्धि बढेको पाइयो। जसमा अङ्ग्रेजी र गणित बाहेक अन्य विषयमा सिकाइ उपलब्धि राम्रो सँग नै वृद्धि भएको देखिन्छ। अङ्ग्रेजी र गणित विषयमा भने ठीक ठीकैको वृद्धि देख्न सकिन्छ। औसत सिकाइ उपलब्धि वृद्धिदर हेर्ने हो भने प्रत्येक विषयमा

शैक्षिक सत्र २०७० भन्दा २०७२ को सिकाइउपलब्धि बढी र शैक्षिक सत्र २०७२ भन्दा २०७४ को विषयगत सिकाइउपलब्धि बढी देखिन्छ। यो सबै उदारकक्षोन्नति नीतिको कार्यान्वयनले भएको हो ।

### ४.१.२ कक्षा ४ र ५ को सिकाइ उपलब्धिको तुलनात्मक विश्लेषण

उदारकक्षोन्नति नीतिको कार्यान्वयनले सिकाइ उपलब्धिमा पारेको प्रभावका लागि कक्षा ४ र ५ का लागि छुट्टै स्तम्भ चित्र निर्माण गरी प्रस्तुत गरिएको छ। किनभने कक्षा ४ र ५ मा कक्षोन्नतिको आधार मिश्रित छ। ५० प्रतिशत आवधिक परीक्षा र ५० प्रतिशत निरन्तर मूल्याङ्कन पद्धतिवाट कक्षोन्नति गरिने गरिएको छ ।

**चित्र नं. २: सिकाइ उपलब्धिको तुलनात्मक विश्लेषण**




स्रोतः- विद्यालय वार्षिक परीक्षाफल

माथिको स्तम्भ चित्रलाई हेर्ने हो भने छनौटमा परेका विद्यालयहअरुमा कक्षा ४ र ५ मा ५० प्रतिशत आवधिक परीक्षा र ५० प्रतिशत निरन्तर मूल्याङ्कन गरी मिश्रित प्रणाली अनुसार कक्षोन्नति गरिएको पाइयो। जसमा अङ्ग्रेजी र गणित विषयमा सिकाइ उपलब्धि अन्य विषयको तुलनामा कम वृद्धि भएको देखिन्छ। अन्य विषयमा भने सिकाइ उपलब्धिको वृद्धि ठीक ठीकै देखिन्छ। इच्छाधिन विषय कम्प्युटरमा भने सिकाइ उपलब्धिको वृद्धि उच्च देखिएको छ ।

चित्र नं. ४.१ र ४.२ को तुलना गर्ने हो भने चित्र नं. ४.१ मा कक्षा १, २ र ३ को सिकाइ उपलब्धिको वृद्धि दर दिइएको छ। जसमा पूर्ण रूपमा निरन्तर मूल्याङ्कन गरी उदारकक्षोन्नति गरिएको छ। त्यस्तै चित्र नं. ४.२ मा कक्षा ४ र ५ को सिकाइ उपलब्धिको विषयगत वृद्धि दिइएको छ। जसमा निरन्तर मूल्याङ्कन र आवधिक परीक्षाको आधा आधा प्राप्तांक गरी कक्षोन्नति गरिएको छ।

माथिको दुवै चित्रबाट यो पनि सिद्ध हुन्छ कि मिश्रित प्रणालीबाट कक्षोन्नति गरिएको भन्दा निरन्तर मूल्याङ्कन गरी उदारकक्षोन्नति गरिएको कक्षाको विषयगत सिकाइ उपलब्धि उच्च देखिन्छ। यो कुराबाट उदारकक्षोन्नति नीतिको कार्यान्वयन गर्दा भएको हो।

निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिका माध्यमबाट उदारकक्षोन्नति गर्दा भर्ना भएका सबै विद्यार्थी उत्तीर्ण गराउनु पर्ने व्यवस्था पाठ्यक्रममा व्यवस्था भएपनि यसरी भर्ना भएजति सबै विधार्थी अन्तिम मूल्याङ्कन सम्म सहभागी नहुनु र सहभागी भएका पनि सबै सफल हुन नसक्नुले निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति तथा उदारकक्षोन्नति नीति पूर्ण रूपमा प्रभावकारी हुन नसकेको देखिन्छ।

**निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति कार्यान्वयनको अवस्था**

निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति कसरी कार्यान्वयन भइरहेको छ वा विद्यालयमा यसको अवस्था कस्तो छ र यसको अभिलेख व्यवस्थापन कसरी गरिएको छ भन्ने कुराको यथार्थता पत्ता लगाउन नमुना छनौटमा परेका चारवटा विद्यालयका चारवटा प्रधानाध्यापक, आठजना विद्यार्थी , आठ जना शिक्षक, एकजना स्रोतव्यक्तिबाट प्राप्त भएका प्रश्नावलीको प्रतिक्रिया र चारजना सम्बन्धित अभिभावकहरूसँग गरिएको समुह छलफलको आधारमा काँकारभिट्टा स्रोतकेन्द्र अन्तर्गतका विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति कार्यान्वयनको अवस्थालाई तलका तालिका अनुच्छेदहरूमा विश्लेषण गरिएको छ।

प्रधानाध्यापकसँग सोधिएको प्रश्नावलीको आधारमा विद्यार्थी मूल्याङ्कन गर्न निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया अपनाउनु भएको छ ? भन्ने प्रश्नको जवाफमा प्रधानाध्यापकहरूले दिएको प्रतिक्रिया निम्नानुसार रहेको पाइयो।

**तालिका १०: निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया अपनाउने विद्यालय सङ्ख्या**

| प्रतिक्रिया | छ | प्रतिशत | छैन | प्रतिशत |
|---|---|---|---|---|
| जना | ४ | १०० | ० | ० |

स्रोतः प्रधानाध्यापक. बाट व्यक्त प्रतिक्रिया

तालिका १० मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया अपनाउने र नअपनाउने नमुना छनौटमा परेका चारवटा विद्यालयका प्रधानाध्यापकहरूले दिएको जवाफलाई प्रस्तुत गरिएको छ। सबै अर्थात् १०० प्रतिशत नै विद्यालयको प्रधानाध्यापकहरूले आफ्नो विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया अपनाएको जवाफ दिएको पाइएको छ भने निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया नअपनाउने विद्यालयको सङ्ख्या शून्य अर्थात् शून्य प्रतिशत देखिएको छ।

निरन्तर विद्यार्थी मूल्याङ्कन गरी उदारकक्षोन्नति नीतिको कार्यान्वयनबाट विद्यार्थीहरूलाई पुगेको फइदा सम्बन्धी प्रश्नको प्रतिक्रियामा निम्नानुसारको जवाफ प्राप्त भएको छ।

विद्यार्थी उत्तीर्ण दर र सिकाइ उपलब्धि वृद्धि भएको छ।

निरन्तर उपस्थिति र औसत सिकाइ उपलब्धि वृद्धि भएको छ।

विद्यार्थीको नियमितता र सिकाइ उपलब्धि वृद्धि भएको छ।

विद्यार्थी नियमित विद्यालयमा आएर बढी उत्तीर्ण भएका छन्।

प्राप्त प्रतिक्रियामा तीनजनाले सिकाइ उपलब्धि र नियमितता वृद्धि भएको, एकजनाले विद्यार्थी विद्यालयमा आएकाले बढी उत्तीर्ण भएर विद्यार्थीलाई फाइदा पुगेको उल्लेख गरिएको छ। यसरी निरन्तर विद्यार्थी मूल्याङ्कन गरी उदारकक्षोन्नति नीतिको सफल कार्यान्वयनका कारण प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विद्यार्थीलाई फइदा पुगेको र सिकाइ उपलब्धि वृद्धि भएको छ।

निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिले उदारकक्षोन्नति नीति कार्यान्वयनलाई पुऱ्याएको सहयोग सम्बन्धि प्रश्नमा प्रधानाध्यापकहरूको प्रतिक्रिया निम्नानुसार रहेको पाइयोः

धेरै सहयोग पुऱ्याएको छ।

सहयोग पुऱ्याएको छ किनभने कक्षोन्नति दरमा वृद्धि भएको छ।

विद्यार्थीको नियमितता र सिकाइ उपलब्धिमा वृद्धि भएको छ ।

उदारकक्षोन्नति नीतिलाई सहयोग पुऱ्याएको छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिले उदारकक्षोन्नति नीति कार्यान्वयनलाई सहयोग पुऱ्याएको कुरा सबै जना अर्थात् १०० प्रतिशत प्रधानाध्यापकहरूले प्रतिक्रिया दिएको विषयलाई माथि उल्लेख गरिएको छ । ती मध्ये ६० प्रतिशतले धेरै सहयोग पुऱ्याएको र ४० प्रतिशतले ठीकै सहयोग पुऱ्याएको कुरा उल्लेख गरेको पाइएको छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिले उदारकक्षोन्नति नीति कार्यान्वयनका क्रममा पाएको प्राविधिक सहयाृगको स्रोत सम्बन्धी प्रश्नको प्रतिक्रिया निम्नानुसार रहेको छ ।


**तालिका ११ : निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिले उदारकक्षोन्नति नीतिको कार्यान्वयनमा प्रविधिक सहयोगको स्रोत**

| प्रतिक्रिया | स्रोतव्यक्ति र वि.नि बाट | प्रतिशत | स्रोतकेन्द्र र जि.शि.इ.स. बाट | प्रतिशत | स्रो.व्य., विद्यालय निरीक्षक, र नजिकको विद्यालय | प्रतिशत |
|---|---|---|---|---|---|---|
| जना | २ | ४० | २ | ४० | १ | २० |

स्रोतः प्रधानाध्यापक. बाट व्यक्त प्रतिक्रिया

माथिको तालिकामा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिले उदारकक्षोन्नति नीतिको कार्यान्वयका क्रममा ४० प्रतिशत स्रोतव्यक्ति र विद्यालय निरीक्षकबाट, ४० प्रतिशतले स्रोतकेन्द्र र जिल्ला शिक्षा इकाइ समितीबाट र २० प्रतिशतले स्रोतव्यक्ति र विद्यालय निरीक्षकका अतिरिक्त नजिकको विद्यालयबाट पनि आफूले आवश्यक प्राविधिक सहयोग प्राप्त गरेको उल्लेख गरेको कुरालाई देखाएको छ । यसलाई पाइचार्टमा निम्नानुसार देखाउन सकिन्छ ।

### चित्र नं.: ३ प्राविधिक सहयोगको स्रोत




### विद्यार्थीसँग सोधिएको प्रश्नावलीका आधारमा

विद्यार्थीलाई सोधिएका विभिन्न प्रश्नहरूमध्ये तपाईं सधैँ विद्यालय जाने गर्नुहुन्छ ? भन्ने प्रश्नमा विद्यार्थीहरूले दिएको जवाफ निम्नानुसार रहेको छ ।

### तालिका १२: सधैँ विद्यालय आउने गर्छौं भन्ने विद्यार्थीको सङ्ख्या

| प्रतिक्रिया | आउने गर्छु | प्रतिशत | आउँदिन | प्रतिशत |
|---|---|---|---|---|
| जना | ८ | १०० | ० | ० |

स्रोत: विद्यार्थीबाट व्यक्त प्रतिक्रिया

यस तालिका प्रस्तुत गरिए बमोजिम सधैँ विद्यालय आउने गर्छौं भनी प्रतिक्रिया दिने विद्यार्थीहरूको सङ्ख्या ८ जना अर्थात् १०० प्रतिशत रहेको पाइएको छ ।

तपाईंको पढाईको मूल्याङ्कन शिक्षकहरूले कसरी गर्ने गर्नु भएको छ ? भनी सोधिएको प्रश्नको विद्यार्थी प्रतिक्रिया निम्नानुसार तालिकामा देखाइएको छ ।

- **कक्षा- १, २ र ३ का विद्यार्थीहरूको प्रतिक्रिया**

### तालिका १३: विद्यार्थी मूल्याङ्कन प्रक्रिया

| प्रतिक्रिया | लिखित जाँच लिएर | प्रतिशत | निरन्तर मूल्याङ्कन गरेर | प्रतिशत |
|---|---|---|---|---|
| जना | ० | ० | ४ | १०० |

स्रोत: विद्यार्थीबाट व्यक्त प्रतिक्रिया

तालिकामा विद्यार्थी मूल्याङ्कन प्रक्रियाका विषयमा विद्यार्थीले दिएको जवाफलाई प्रस्तुत गरिएको छ। शिक्षकले आफ्नो मूल्याङ्कन गर्दा कसरी गर्नु हुन्छ भन्न प्रश्न सोधिएका ४ जना अर्थात १०० प्रतिशत विद्यार्थीले निरन्तर मूल्याङ्कन गर्ने कुरा बताएको छन्।

- **कक्षा- ४ र ५ का विद्यार्थीहरूको प्रतिक्रिया**


**तालिका १४: विद्यार्थी मूल्याङ्कन प्रक्रिया**

| प्रतिक्रिया | लिखित जाँच लिएर | प्रतिशत | निरन्तर मूल्याङ्कन गरेर | प्रतिशत |
|---|---|---|---|---|
| जना | २ | ५० | २ | ५० |

स्रोतः विद्यार्थीबाट व्यक्त प्रतिक्रिया

तालिकामा विद्यार्थी मूल्याङ्कन प्रक्रियाका विषयमा विद्यार्थीले दिएको जवाफलाई प्रस्तुत गरिएको छ। शिक्षकले आफ्नो मूल्याङ्कन गर्दा कसरी गर्नु हुन्छ भन्ने प्रश्न सोधिएका ४ जनामध्ये २ जना अर्थात ५० प्रतिशतले लिखित जाँच लिएर र २ जनाले अर्थात् ५० प्रतिशतले निरन्तर मूल्याङ्कन गर्ने कुरा बताएको छन्।

**चित्र नं. ४: तालिका १३ र १४ लाई वृतचित्रमा देखाउँदा विद्यार्थी मूल्याकंन पद्धति**




## शिक्षकसँग सोधिएको प्रश्नावलीको आधारमा

तपाईंले शिक्षण गर्ने गरेको विषयमा विद्यार्थी मूल्याङ्कन गर्न कस्तो मूल्याङ्कन पद्धति अपनाउने गर्नुभएको छ ? भनी सोधिएको प्रश्नको प्रतिक्रिया तलको तालिकामा प्रस्तुत गरिएको छ।


**तालिका १५: विद्यार्थी मूल्याङ्कन प्रक्रिया**

| प्रतिक्रिया | निरन्तर विद्यार्थी मूल्याङ्कन र आवधिक परीक्षा | प्रतिशत | निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति | प्रतिशत |
|---|---|---|---|---|
| जना | ४ | ५० | ४ | ५० |

स्रोतः शिक्षकबाट व्यक्त प्रतिक्रिया

माथिको तालिकामा प्रस्तुत गरिए अनुसार ५० प्रतिशत शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कन र आवधिक परीक्षा दुवै पद्धति अवलम्बन गर्ने गरेको, ५० प्रतिशत शिक्षकले निरन्तर विद्यार्थी मूल्याङ्कन अवलम्बन गर्ने गरेको प्रतिक्रिया दिइएको पाइएको छ। यसलाई निम्नानुसार चार्टमा पनि देखाउन सकिन्छ।

**चित्र नं. ५: विद्यार्थी मूल्यांकन गर्ने तरिका**




प्रत्येक पाठशिक्षण सँगसँगै विद्यार्थी मूल्याङ्कन पनि गर्दै आए नआएको विषयमा शिक्षकलाई सोधिएको प्रश्नमा शिक्षकहरूबाट प्राप्त प्रतिक्रिया निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका १६ : पाठशिक्षण सँग सँगै विद्यार्थी मूल्याङ्कन पनि गर्दै आउने शिक्षक विवरण**

| प्रतिक्रिया | छ | प्रतिशत | छैन | प्रतिशत |
|---|---|---|---|---|
| जना | ८ | १०० | ० | ० |

स्रोतः शिक्षकबाट व्यक्त प्रतिक्रिया

माथिको तालिकामा नमुना छनौटमा परेका सबै विद्यालयका शिक्षकहरूले आफूले शिक्षण गरेको विषयमा पाठशिक्षण सँगसँगै विद्यार्थी मूल्याङ्कन पनि गर्दै आएको प्रतिक्रिया दिएको

कुरालाई देखाइएको छ। यस्तो प्रतिक्रिया दिने शिक्षकहरूको प्रतिशत १०० हुन आउँछ। पाठशिक्षण सँगसँगै विद्यार्थी मूल्याङ्कन गर्ने गरेको छैन भनी प्रतिक्रिया व्यक्त गर्ने शिक्षकहरू नभएकाले यसको प्रतिशत शून्य रहेको छ।

आफूले विषयमा विद्यार्थी मूल्याङ्कन गर्न लिने गरेको आधार सम्बन्धी सोधिएको प्रश्नहरूमा शिक्षकहरूले दिएको प्रतिक्रिया निम्नानुसार रहेको छ :-

नमुना छनौटमा परेका विद्यालयका ८ जना शिक्षकहरू मध्ये ६ जनाले निरन्तर विद्यार्थी मूल्याङ्कनका आधारहरू- कक्षा कार्य सहभागिता, प्ररियोजना कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य र हाजिरीलाई आधार मान्ने कुरा आफ्नो प्रतिक्रियामा उल्लेख गरेको पाइयो, प्रश्नावली सोधिएका शिक्षकहरूमा यस्तो प्रीतक्रिया जनाउने शिक्षकहरूको प्रतिशत ७५ हुन आउँछ। यसै गरी २ जना अर्थात् २५ प्रतिशतले निरन्तर विद्यार्थी मूल्याङ्कन गर्न निरन्तर विद्यार्थी मूल्याङ्कनलाई नै आधार लिएको प्रतिक्रिया दिइएको पाइएको छ।

माथि छ जना उल्लेख गरेका पाँचवटा आधारमा विद्यार्थी मूल्याङ्कन गर्दा Bloom Taxonomy बमोजिम उद्देश्य बर्गीकरण अनुसार उद्देश्य पूरा भए नभएको मूल्याङ्कन गर्न सकिन्छ। Bloom Taxonomy अनुसार निर्माणात्मक विद्यार्थी मूल्याङ्कनमा जोड दिइएको र यो पद्धति पनि निर्माणात्मक नै भएकोले निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति Bloom Taxonomy मा आधारित छ।

**स्रोतव्यक्तिसँग सोधिएका प्रश्नावलीका आधारमा**

काँकरभिट्टा स्रोतकेन्द्रमा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको माध्यमले उदारकक्षोन्नति नीतिको कार्यान्वयनले सिकाइ उपलब्धि बढ्ने कुरामा विद्यार्थी सुसूचित रहे नरहेको सम्बन्धमा सम्बन्धित स्रोतव्यक्तिबाट प्राप्त जवाफ निम्नानुसार रहेको छ।

स्रोतकेन्द्रभरि निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिका माध्यमले उदारकक्षोन्नति नीति कार्यान्वयन भइरहेको छ।

धेरै विद्यालयमा पाठ्यक्रमले तोके बमोजिमको ढाँचामा निरन्तर विद्यार्थी मूल्याङ्कनको अभिलेख राख्ने गरेको पाइयो।

उदारकक्षोन्नति नीतिको कार्यान्वयनले सिकाइ उपलब्धि बढ्छ भन्ने कुराको जानकारी धेरै विद्यार्थीलाई रहेको छ ।

यसरी सम्बन्धित स्रोतव्यक्तिको प्रतिक्रियाका आधारमा काँकरभिट्टा स्रोतकेन्द्रमा निरन्तर विद्यार्थी मूल्याङ्कनका माध्यमले उदारकक्षोन्नतिको कार्यान्वयन भइरहेको पाइयो ।

**अभिभावकहरूसँग गरिएको छलफलका आधारमा**

निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको माध्यमले उदारकक्षोन्नति नीतिको कार्यान्वयनले कारण सिकाइ उपलब्धिमा पारेको प्रभावका विषयमा जानकारी लिन नमुना छनौटमा परेका विद्यालयका अभिभावकहरूसँग समुह छलफल समेत गरिएको थियो । छलफलका क्रममा प्राप्त प्रतिक्रिया निम्नबमोजिम रहेको छ ।

विद्यार्थीलाई विद्यालयबाट दिइएको प्रगति विवरण हेर्ने गर्नुभएको छ ? भन्ने प्रश्नमा २ जनाले प्रगति विवरण हेर्ने गरेको र बाँकी २ जनाले नहेर्ने गरेको प्रतिक्रिया दिएका छन् । यसलाई प्रतिशतमा देखाउँदा प्रगति विवरण हेर्ने अभिभावक ५० प्रतिशत र नहेर्ने अभिभावक ५० प्रतिशत रहेको पाइएको छ ।

यसैगरी आफ्नो नानीहरूको मूल्याङ्कन पद्धतिका विषयमा ध्यान दिने गरे नगरेको र ध्यान दिने गरेको भए कस्तो मूल्याङ्कन पद्धति अपनाइने गरको छ ? भन्ने प्रश्नमा ३ जनाले ध्यान दिने गरेको र निरन्तर विद्यार्थी मूल्यांकन पद्धति अपनाइएको छ भन्ने प्रतिक्रिया दिएका छन् भने १ जनाले वास्ता नभएको तथा यस विषयमा शिक्षकहरूले नै जान्नु पर्ने प्रतिक्रिया दिएका छन् । यसरी आफ्नो नानीहरूको मूल्याङ्कन गरिने मूल्याङ्कन पद्धतिप्रति ध्यान दिने अभिभावकहरू ७५ प्रतिशत र ध्यान नदिने अभिभावहरू २५ प्रतिशत रहेको देखिन्छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कनका माध्यमले उदारकक्षोन्नति गर्ने गरेको जानकारी रहे नरहेको विषयमा जानकारी गर्दा ३ जना अभिभावकले जानकारी भएको, १ जनालाई जानकारी नभएको प्रतिक्रिया प्राप्त भएको छ । यसमा पनि जानकारी हुने र नहुने अभिभावकहरूको प्रतिशत क्रमशः ७५ र २५ नै रहेको देखिन्छ ।

## ४.२ उदारकक्षोन्नति नीतिको कार्यान्वयनले सिकाइ उपलब्धिमा पारेको प्रभाव

### ४.२.१ प्राप्त प्रतिक्रियाको विश्लेषण

**प्रधानाध्यापसँग सोधिएको प्रश्नावलीको आधारमा**

उदारकक्षोन्नति नीतिको कार्यान्वयनले सिकाइ उपलब्धि कस्तो परिवर्तन भएको पाउनु भएको छ ? भन्ने प्रश्नको प्रतिक्रियामा निम्नानुसार जवाफ प्राप्त भएको छ :-

विद्यार्थी नियमितता भएकाले सिकाइ उपलब्धि बढेको छ ।

यसबाट सिकाइ उपलब्धि वृद्धि भएको छ ।

उत्तीर्णदरमा वृद्धि भएर सिकाइ उपलब्धि बढेको छ ।

अनुत्तिर्णदर घटेकाले सिकाइ उपलब्धि दर बढेको छ ।

यसरी सबै अथवा १०० प्रतिशत प्रधानाध्यापकहरूले सिकाइ उपलब्धिमा वृद्धि भएको प्रतिक्रिया दिएको पाइएको छ ।

**शिक्षकसँग सोधिएको प्रश्नावलीका आधारमा**

उदारकक्षोन्नति नीतिको कार्यान्वयन पछि सिकाइ उपलब्धिमा परिवर्तन आएको छ ? परिवर्तन आएको छ भने सिकाइ उपलब्धि बढेको वा घटेको छ ? भन्ने प्रश्नको जवाफमा सबै अर्थात् १०० प्रतिशत शिषकहरूले विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि भएको कुरा उल्लेख गरेको पाइएको छ ।

**स्रोतव्यक्तिसँग सोधिएको प्रश्नावलीका आधारमा**

उदाकक्षोन्नति नीतिको कार्यान्वयनले सिकाइ उपलब्धि वृद्धि सकारात्मक पाएको छु ।

सिकाइ उपलब्धिको सकारात्मक परिवर्तन आउनुको खास कारण निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीमा सधैं विद्यालय आउने विद्यार्थीको रेजा बढी भई प्राप्तांक वढी हुने भएकाले सिकाइ उपलब्धि बढेको हो भन्ने लाग्छ ।

## ४.३ उदारकक्षोन्नति नीति कार्यान्वयनका समस्याहरू

**प्रधानाध्यापकसँग सोधिएका प्रश्नावलीका आधारमा**

उदारकक्षोन्नति नीतिको कार्यान्वयन गर्दा कस्ता समस्या आए भनी प्रधानाध्यापकलाई सोधिएको प्रश्नको प्रतिक्रिया निम्नबमोजिम प्राप्त भएको छः

गाउँघरमा सामाजिक कार्य पर्दा धेरै विद्यार्थी विद्यालयमा उपस्थित नहुनु

पठनपाठन, प्रशासनिक कार्य गर्नु र शिक्षकले सातवटै घण्टी पनि शिक्षण गर्नुपर्ने भएकाले निरन्तर मूल्याङ्कन गर्न कठिन भएको र उदारकक्षोन्नति प्रक्रिया झन्झटिलो भएको

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रति शिक्षकहरू उत्प्रेरित नहुनाले उदारकक्षोन्नति नीतिमा प्रभाव पर्नु

निरन्तर विद्यार्थी मूल्याङ्कन नै परीक्षा हो भन्ने भावना विकास गराउन कठिन भएको

केही विद्यार्थी नियमित विद्यालय नआउनु

यस अनुच्छेदमा उदारकक्षोन्नति नीतिको कार्यान्वयनमा प्रधानाध्यापकका प्रतिक्रियाका रूपमा आएका समस्याहरूलाई प्रस्तुत गरिएको छ। यहाँ सानातिना विविध किसिमका समस्या आएको प्रतिक्रिया प्राप्त भएका छन्। ४० प्रतिशत प्रधानाध्यापकले केही विद्यार्थी कहिलेकाहीँ विद्यालय उपस्थित नहुनुलाई समस्याको रूपमा लिएको पाइयो भने २० प्रतिशतले प्रधानाध्यापक तथा शिक्षकलाई बढी कार्यबोझका कारणले समस्या भएको कुरा उल्लेख गरेको पाइयो। यसैगरी २० प्रतिशतले शिक्षकहरू नै निरन्तर विद्यार्थी मूल्याङ्कन प्रति उत्प्रेरित नहुनु र उदारकक्षोन्नति झन्झटिलो भएको र अर्को २० प्रतिशतले निरन्तर विद्यार्थी मूल्याङ्कनलाई परीक्षा यही हो भन्ने बुझाउन कठिन भएकोले उदारकक्षोन्नति नीति प्रभावित हुने गरेको पाइएको छ ।

**शिक्षकसँग सोधिएको प्रश्नावलीका आधारमा**

निरन्तर विद्यार्थी मूल्याङ्कनका माध्यमबाट उदारकक्षोन्नति नीतिको कार्यान्वयनको क्रममा तपाईंलाई समस्याहरू पनि आए ? आए भने ती समस्याहरू के के हुन ? भनी सोधिएको प्रश्नमा शिक्षकहरूको प्रतिक्रिया निम्नानुसार प्राप्त भएको छ :-

सबै विद्यार्थीको नियमितता समस्या

पाठ्यक्रम परिचयात्मक तालिम बाहेक निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी तालिमको अवसर नपाएको

धेरै विद्यार्थी टिफिन पछि विद्यालय नफर्कने

अभिभावकको चेतनामा कमी

पाठशिक्षक सँगसँगै विद्यार्थी मूल्याङ्कन गर्न, फारम भर्न समयको कमी हुने भएकोले उदारकक्षोन्नति प्रभावित हुने

वर्षैभरि जसो विद्यार्थी भर्ना भइरहने समस्या

कपी, पेन्सिल नलि विद्यार्थी विद्यालयमा आउने समस्या

सबै विद्यार्थीको मनस्थिति समान नहुनु

खोजेको उत्तर नआउने समस्या

माथिको अनुच्छेदमा प्रस्तुत निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिका माध्यमले उदारकक्षोन्नति नीतिको कार्यान्वयनमा आएका समस्याहरूमा मूल्याङ्कन गर्ने छुट्टै समयको कमी, टिफिन पछि विद्यार्थी भाग्ने समस्या, शिक्षकले तालिमको अवसर नपाएको, केही विद्यार्थी नियमित विद्यालयमा हाजिर नहुने, कपी, पेन्सिल नलिई विद्यालय आउने प्रवृति, अभिभावकमा चेतनाको कमी, शैक्षिक सत्रको अन्तसम्म पनि विद्यार्थी भर्ना भइरहने चलन, सुस्त मनस्थितिका विद्यार्थी हुनु जस्ता समस्याहरू आएको शिक्षकहरूले उल्लेख गरेको पाइएको छ ।

यस्ता समस्याहरूका कारणले निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति उपयुक्त तवरले कार्यान्वयन गर्न कठिन हुन्छ र उदारकक्षोन्नति नीति पनि प्रभावित हुन्छ । कपी कलम नलिई आउने विद्यार्थी मूल्याङ्कन गर्न र पढ्न लगाउन पनि समस्या हुने भएकोले उद्देश्य पूरा भए नभएको मूल्याङ्कन गर्न Benjamin Bloom को Taxonomy अनुसार कठिन हुन जाने देखिन्छ । विद्यार्थी विद्यालय आए पछि विद्यालय समय भरि नभागिकन, वैशाख महिना भरि मात्र भर्ना गर्न र नियमित विद्यालय आउने विद्यार्थीको बेञ्जामिन Bloom को Taxonomy बमोजिम गरिएको उद्देश्य वर्गिकरण अनुसार मूल्याङ्कन गरेर उपलब्धि हासिल भए नभएको पत्ता लगाउन सहज हुन्छ ।

**स्रोतव्यक्तिसँग सोधिएको प्रश्नावलीका आधारमा**

निरन्तर विद्यार्थी मूल्याङ्कनले उदारकक्षोन्नति पद्धति झन्झटिलो रूपमा लिएका छन् ।

शिक्षकहरूले भ्याउन कठिन भयो भन्ने गुनासो गर्ने गरेका छन् ।

यसरी स्रोतव्यक्तिबाट प्राप्त प्रतिक्रियामा निरन्तर विद्यार्थी मूल्याङ्कनले उदारकक्षोन्नति नीति कार्यान्वयनका मूख्य समस्याहरूमा शिक्षकले झन्झटिलो पद्धति रूपमा लिने गरेको र धेरै घन्टी शिक्षण गर्नुपर्ने हुँदा भ्याउन गाह्रो हुने जस्ता समस्याहरू देखिएको बताएको छन् ।

## ४.४ उदारकक्षोन्नति नीतिको कार्यान्वयनलाई प्रभावकारी बनाउने उपायहरू

**शिक्षकसँग सोधिएको प्रश्नावलीका आधारमा**

उदारकक्षोन्नतिको नीतिको कार्यान्वयन सफल बनाउन विद्यार्थी विद्यालयमा हाजिर हुन आवश्यक छ र नियमित उपस्थितिका लागि विद्यार्थीलाई कस्तो प्रेरणा दिने गर्नुभएको छ ? भन्ने प्रश्नको जवाफमा शिक्षकहरूबाट निम्नानुसारको प्रतिक्रिया प्राप्त भएको छ :-

नियमित विद्यालय नआए नम्बर कमी आउने भनी सधैँ रेजाबाट प्राप्त नम्बर सुनाउने गरेर

सधैँ विद्यालय आउने विद्यार्थीको नम्बर धेरै आउँछ भनेर

परीक्षा दैनिक रूपमा हुन्छ भनेर

विद्यार्थी तथा अभिभावकलाई विद्यालय नियमित आउन र पढाउन अनुरोध गरेर

सधैँ विद्यालय आउने र बढी नम्बर पाउने विद्यार्थीलाई थप हौसला प्रदार गरेर

माथिका अनुच्छेदमा शिक्षकहरूले विद्यार्थीलाई नियमित रूपमा हाजिर हुन विभिन्न किसिमले हौसला दिने गरेको कुरालाई देखाइएको छ। कुनै विद्यालयमा बढी हाजिर हुने विद्यार्थीलाई मासिक रूपमा पुरस्कारको व्यवस्था गर्ने गरेर त कसैले रेजाबाट प्राप्त गरेको अङ्क सधैँ सुनाउने गरेर विद्यार्थी तथा अभिभावकसँग सधैँ विद्यालय आउन र पढाउन अनुरोध जस्ता हौसला र प्रोत्साहन गर्ने गरेको पाइयो। यसरी विद्यालयले विद्यार्थीलाई यस्ता हौसला तथा प्रेरणा दिनु सकारात्मक पक्ष मान्नुपर्छ।

उदारकक्षोन्नति नीतिलाई अझै प्रभावकारी रूपमा कार्यान्वयन गर्न के कस्ता उपायहरू हुन्छन् ? भनी सोधिएको प्रश्नको जवाफमा शिक्षकहरूबाट प्राप्त भएको प्रतिक्रिया निम्नानुसार उल्लेख गरिएको छ :-

विद्यार्थीको व्यक्तिगत विवरण फयल खडा गर्नुपर्ने

विद्यार्थीको चौतर्फी विकासमा जोड दिन अतिरिक्त क्रियाकलापमा जोड दिनुपर्ने

अतिरिक्त क्रियाकलाप गराउने गीत, कथा, उपदेश सुनाएर नृत्य तथा अन्य रमाइला क्रियाकलाप गर्ने र सबैको हौसला बढाई पुरस्कारको व्यवस्था गर्ने

अभिभावक भेला गराई आवश्यक छलफल गराएर

विद्यार्थीको स्तर हेरी कक्षा विभाजन गरेर

नियमित विद्यालय आउनेलाई पुरस्कारको व्यवस्था गरेर

निरीक्षण, अनुगमनको क्रम बढाएर

विद्यालयमा छडीरहित शिक्षणका लागि बालमैत्री वातावरणमा शिक्षण गरेर

उदारकक्षोन्नति नीतिलाई अझ बढी प्रभावकारी बनाउने उपायहरूमा विशेषतः अतिरिक्त क्रियाकलापमा जोड दिई पुरस्कारको व्यवस्था, बढी हाजिर हुने विद्यार्थीलाई पुरस्कारको व्यवस्था, रमाइलो बालमैत्री शिक्षण विधिद्वारा शिक्षण, सधैं विद्यालय आउने विद्यार्थीको निरन्तर मूल्याङ्कनमा धेरै नम्बर आउँछ भनेर विद्यालयले सकेसम्म आवश्यक सामाग्री विद्यार्थीलाई उपलब्ध गराउन सकेमा आफ प्रभावकारी बनाउन सकिने प्रतिक्रिया धेरै शिक्षकहरूले व्यक्त गरेको पाइयो ।

अन्य केही सुझाव माग गरिएकोमा शिक्षकहरूले दिएको प्रतित्रियालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

शिक्षक, विद्यार्थी, अभिभावक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिको सहयोग जुटाउन सके निरन्तर विद्यार्थी मूल्याङ्कन सही तरिकाले कार्यान्वयन भएमा उदारकक्षोन्नति सहज हुन्छ ।

उदारकक्षोन्नति नीतिको कार्यान्वयनले सिकाइ उपलब्धि बढाएको छ र आवधिक परीक्षामा सुधार गर्नुपर्ने आवश्यकता छ ।

नजान्ने विद्यार्थी उत्तीर्ण हुन सक्ने हुँदा यो नीति कार्यान्वयन गर्न अप्ठ्यारो छ ।

यस नीतिमा सबै विद्यार्थी कक्षा चढ्ने भएकाले माथिल्लो कक्षामा गएपछि सिकाउन समस्या परेको ।

अभिभावकहरूमा जागरण ल्याउन जरुरी छ ।

विद्यालयमा खाजाको व्यवस्था गर्ने र बढी हाजिर हुने विद्यार्थीलाई पुरस्कृत गर्दा राम्रो हुने ।

शिक्षकले छडी प्रथाको अन्त गरी रमाइलो प्रभावकारी ढङ्गले बालमैत्री विधिबाट कक्षा सञ्चालन गर्न जोड दिनु पर्ने ।

शिक्षकहरूले व्यक्त गरेका अन्य सुझावहरूमा माथिको अनुच्छेदमा प्रस्तुत गरिए बमोजिम विशेष गरी छडी प्रथा छाडेर रमाइलो तथा मनोरञ्जनात्मक वातावरणमा बालमैत्री विधिको माध्यमबाट कक्षा सञ्चालन, दिवा खाजाको व्यवस्था, अभिभावकमा चेतनाको विस्तार तथा विद्यालयसँग सम्बद्ध सबै पक्षको सहयोग जुटाएर उद्देश्य पूरा हुने गरी शिक्षण गरेर विद्यार्थीलाई पाठ्यक्रमले तोकेका उपलब्धि पूरा गराउनु पर्ने सुझावहरू प्राप्त भएका छन् ।

**अभिभावकहरूसँग गरिएको छलफलको आधारमा**

उदारकक्षोन्नति नीतिलाई प्रभावकारी बनाई राम्रो उपलब्धि प्राप्त गर्न अभिभावकहरूसँग गरिएको छलफलबाट निम्न सुझावहरू पाइएको छ :

नियमित रूपमा पढाइसँग सँगै मूल्याङ्कन गर्नुपर्छ ।

राम्ररी पढाउनु पर्छ ।

राम्रंरी मूल्याङ्कन गरी कमजोर विद्यार्थीलाई सिक्ने मौका दिनुपर्ने कुरा शिक्षकले जान्नु पर्छ ।

शिक्षकले सधैँ मूल्याङ्कन गर्नुपर्छ र हामीले पनि आफ्ना छोराछोरी सधैँ स्कूल पठाउनु पर्छ ।

सबै शिक्षकहरूले आफ्नो पेशाप्रति इमान्दार भई मिहिनेत गरेर पढाउनु पर्छ र नियमित रूपमा मूल्याङ्कन गर्नुपर्छ र कमजोर विद्यार्थीलाई पुनः मूल्याङ्कनभित्र ल्याउनु पर्दछ ।

यसरी अभिभावकहरूले शिक्षकले शिक्षण सँगसँगै गर्दै जानु पर्दछ, राम्ररी शिक्षण गर्नुपर्ने र निरन्तर मूल्याङ्कनका लागि हामीले पनि नानीहरूलाई नियमित स्कूल पठाउनुपर्ने सुझाव दिइएको पाइएको छ । उदारकक्षोन्नति नीतिको कार्यान्वयनले सिकाइ उपलब्धि बढाउनका लागि विद्यार्थीलाई नियमित गराउनु पर्ने, सिकाउनु पर्ने र टिकाउनु पर्ने कुराहरूका आवश्यक पर्ने प्रोत्साहन गर्ने कुराहरूको आवश्यक पर्छ ।

# परिच्छेद पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

## ५.१ प्राप्ति

झापा जिल्ला काँकरभिट्टा स्रोतकेन्द्र अन्तर्गत नमुना छनौटमा परेका ४ वटा सामुदायिक विद्यालयहरूको आधारभूत तहमा गरिएको उदारकक्षोन्नति नीतिको कार्यान्वयनले सिकाइ उपलब्धिमा पारेको प्रभाव सम्बन्धि अध्ययनबाट विभिन्न क्षेत्र र स्रोतबाट सङ्कलन गरिएका तथ्याङ्कहरूको व्याख्या र विश्लेषणका आधारमा यस स्रोतकेन्द्रमा उदारकक्षोन्नतिको नीतिको विद्यमान अवस्था र यसको कार्यन्वयन पछि सिकाइ उपलब्धिमा पारेको प्रभाव पत्ता लगाइ, कार्यान्वयनका क्रममा आइपरेका समस्या तथा उदारकक्षोन्नति नीतिको कार्यान्वयनलाई अझै प्रभावकारी बनाउन सम्बद्ध विभिन्न निकायहरूले निर्वाह गर्नुपर्ने भूमिकाका विषयमा आवश्यक सल्लाह सुझाव दिन गरिएको अध्ययनबाट भएका प्राप्ति निम्नानुसार छन् :

विद्यालयमा भर्ना भएका विद्यार्थी मध्ये थोरै विद्यार्थी मूल्याङ्कनको अन्तिम चरण सम्म नपुगेकाले सिकाइ उपलब्धिमा थोरै मात्र बढेको पाइयो ।

सबै विधायलमा निरन्तर विद्यार्थी मूल्याङ्कन गरी उदारकक्षोन्नति नीतिको कार्यान्वयन रहेको पाइयो ।

निरन्तर विद्यार्थी मूल्याङ्कनका साथ साथै Paper and Pencil Test लाई पनि अवलम्बन गरेको पाइयो ।

निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ ले निर्धारण गरेका मूल्याङ्कनका पाँचवटा मापदण्डहरूलाई नै आधार लिने गरेको पाइयो ।

उदारकक्षोन्नति नीतिको कार्यान्वयन पछि सिकाइ उपलब्धिमा आएको फरकमा वृद्धि भएको पाइयो ।

उदारकक्षोन्नति नीतिलाई प्रभावकारी बनाउन बढी विद्यालय आउने विद्यार्थीलाई सामान्य पुरस्कारको व्यवस्था गर्ने गरेको पाइयो ।

उदारकक्षोन्नति नीति कार्यान्वयन गर्ने सम्बन्धमा विद्यालयलाई जिल्ला शिक्षा इकाइ समिति र स्रोतकेन्द्रबाट प्राविधिक सहयोग भएको पाइयो ।

कक्षा शिक्षण हुने गरेका कक्षाहरूमा यो नीति निकै प्रभावकारी रहेको पाइयो ।

शिक्षकहरूले निरन्तर मूल्याङ्कन गरी उदारकक्षोन्नति गर्ने कामलाई झन्झटिलो मूल्याङ्कन प्रक्रियाका रूपमा लिने गरेको पाइयो ।

विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको आवश्यक पक्ष विद्यार्थीको कार्य सञ्चयिकाको व्यवस्था पूर्ण रूपमा हुन नसकेको पाइयो ।

अभिभावकहरूमा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिपनि परीक्षा नै हो भन्ने भावनाको विकास गराउन शिक्षकहरूलाई कठिन भएको पाइयो ।

## ५.२ निष्कर्ष

आधारभूत तहमा गरिएको उदारकक्षोन्नति नीतिको कार्यान्वयनले सिकाइ उपलब्धिमा पारेको प्रभाव सम्बन्धी अध्ययन गर्न विभिन्न क्षेत्र तथा माध्यमबाट सङ्कलन गरिएका तथ्याङ्कहरूको प्रस्तुतिकरण, व्याख्या र विश्लेषण गरेर हेर्दा काँकरभिट्टा स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरूमा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ ले व्यवस्था गरे बमोजिम निरन्तर विद्यार्थी मूल्याङ्कन गरी उदारकक्षोन्नति नीतिको कार्यान्वयन भएको पाइएको छ भने सिकाइ उपलब्धि अघिल्लो अघिल्लो वर्ष भन्दा पछिल्लो वर्षमा वृद्धि भएको पाइएको छ । विद्यार्थी मूल्याङ्कनमा यो नीति कार्यान्वयन गर्ने सिलसिलामा शिक्षकहरूले केही झन्झटिलो र समय बढी लाग्ने कुरा महसुस गरे पनि कुनै विद्यालयमा फायल र कुनै विद्यालयमा रजिष्टरमा यस कार्यको अभिलेख राखेर कक्षा १-३ मा निरन्तर मूल्याङ्कनको आधारमा र कक्षा ४ र ५ मा निरन्तर विद्यार्थी मूल्याङ्कन र आवधिक रूपमा लिने गरिएको लिखित परीक्षाको आधारमा विद्यार्थीलाई उदारकक्षोन्नति गर्नाले सिकाइ उपलब्धि बढ्न र बढाउन सहयोग पुऱ्याएको छ ।

उदारकक्षोन्नति नीतिको बारेमा शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति पदाधिकारी, अभिभावक सबै पक्ष सुसूचित हुनुपर्ने भए पनि यसका विषयमा अभिभावक र विद्यालय व्यवस्थापन समिति पदाधिकारीलाई खासै जानकारी नभएको अवस्था छ भने यसै कार्यमा

प्रत्यक्ष रूपमा सम्लग्न प्रधानाध्यापक.तथा शिक्षकहरूलाई पनि निरन्तर विद्यार्थी मूल्याङ्कनका विषयमा अझै तालिमको खाँचो रहेको छ। विद्यालयमा शिक्षकहरूलाई यस कार्यका लागि जिल्ला शिक्षा इकाइ समिति तथा स्रोतकेन्द्रबाट केही प्राविधिक सहयोग पुऱ्याएको पाइएको छ भने नियमित रूपमा अनुगमन र निरन्तर पृष्ठपोषणको अझै कमी रहेको छ।

समष्टिमा भन्नु पर्दा यस जिल्लाको काँकरभिट्टा स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरूमा उदारकक्षोन्नति नीति कार्यान्वयन जति मात्रामा हुनु पर्ने हो त्यति मात्रमा पूर्ण रूपमा हुन नसकेको भए तापनि जे जति भएको छ त्यो सन्तोषजनक रूपमा रहेको छ। उदारकक्षोन्नति नीतिको कार्यान्वयनको महत्वपूर्ण उपलब्धि भनेको चाँही सिकाइ उपलब्धि अघिल्लो वर्षमा भन्दा पछिल्लो वर्षमा बढोत्तरी हुनु उल्लेख्य पक्ष रहेको देखिन्छ।

## ५.३ सुझावहरू

विद्यार्थी मूल्याङ्कनको क्षेत्रमा महत्वपूर्ण पक्ष निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको सफल कार्यान्वयनले सरकारको उदारकक्षोन्नति नीतिको कार्यान्वयनलाई सहयोग पुऱ्याउनका साथै नीतिको कार्यान्वयनले सिकाइ उपलब्धिमा बढोत्तरी ल्याउन सहयोग पुगेको छ। आधारभूत तहमा निरन्तर विद्यार्थी मुल्यांकन प्रणालीका आधारमा उदारकक्षोन्नति नीतिको कार्यान्वयन गरी मापनलाई बढी विश्वासनीय तथा भरपर्दो तुल्याउनका साथै विद्यार्थीको सिकाइ उपलब्धि अझै बढाउनका लागि सबै पक्षले आ-आफ्नो स्थानबाट महत्वपूणै भूमिका निर्वौह गर्नुपर्ने हुन्छ। नीति निर्माता देखि कार्यान्वयनका तहमा रहेका विभिन्न निकायले आफ्नो जिम्वेवारी पूरा गर्न अझै ध्यान दिन आवश्यक छ। यस अध्ययनको क्रममा यसलाई थप सशक्त र प्रभावकारी तुल्याउन निम्नानुसार सुझावहरू पेश गरिन्छ।

### नीति निर्माण तह

नयाँ स्थापित विद्यालयको अनुमति दिँदा विद्यालय नक्सांकन गरेर नक्सांकनले आवश्यकता देखाएको विद्यालयलाई मात्र अनुमति दिने नीति लागु गर्न उपयुक्त हुने,

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली पनि परीक्षा नै हो, लिखित परीक्षाले समेट्न नसकेका पक्षमा यसले सहज रूपमा सिकाइ मापन गर्न सक्छ भन्ने कुराको प्रचार प्रसार शिक्षक

सम्म मात्र सीमित नराखी अभिभावकसम्म पुऱ्याउन आवश्यक नीति र कार्यक्रम तय गर्नुपर्ने,

निरन्तर विद्यार्थी मूल्याङ्कनका निर्धारित पाँचवटा मापदण्डलाई आवश्यकताका आधारमा कार्यान्वयन कर्ताले परिवर्तन वा थपघट गर्न सक्ने गरी थप व्यावहारिक मापदण्ड विकास गरी प्रयोग गर्न सहज बनाउन उपयुक्त हुने,

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयन गरी उदारकक्षोन्नति नीतिको अवलम्वनमा सबै पक्षको भूमिका स्पष्ट गरी जिम्वेवारी तोकेर उचित पुरस्कार र दण्डको व्यवस्था उपयुक्त हुने,

निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिलाई शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कनको आधार बनाउन आवश्यक नीतिगत व्यवस्था गर्न उपयुक्त हुने आधारभूत तहसम्म अनिवार्य शिक्षाको नीति निर्माण गरी कार्यान्वयन गर्नुपर्ने ।

**जिल्ला तह**

वार्षिक रूपमा मूल्याङ्कन गरी सिकाइ उपलब्धि बढी हुने विद्यालयलाई पुरस्कार तथा प्रोत्साहनको व्यवस्था गर्नु उपयुक्त हुने,

निरन्तर विद्यार्थी मूल्याङ्कन तथा यसको अभिलेखिकरणमा जिल्लाभरि एकरूपता कायम गर्न जिल्ला बैठकमा आवश्यक निर्देशन र परामर्श उपयुक्त हुने,

विभिन्न समयमा विभिन्न निकायबाट सञ्चालन गरिने लामो तथा छोटो अवधिका तालिममा निरन्तर विद्यार्थी, उदारकक्षोन्नति नीति सम्बन्धि विषयवस्तु समावेश गर्नु उपयुक्त हुने,

प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति पदाधिकारी, शिक्षक, अभिभावक संघ पदाधिकारीहरूलाई उदारकक्षोन्नति नीति कार्यान्वयन सम्बन्धी व्यावहारिक र कार्यमूलक तालिम दिइनु उपयुक्त हुने,

शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कन गर्दा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयन समेतलाई आधार मान्ने व्यवस्था मिलाउनु उपयुक्त हुने,

नीति निर्माण तथा कार्यान्वयन गर्ने थलो र विद्यालयबीचको मध्यस्थकर्ता भएर कार्यान्वयनमा दोहोरो सञ्चार सम्पर्क गरी निरीक्षण क्षेत्रगत रूपमा प्रधानाध्यापक.हरूको भेलामा वार्षिक रूपमा उदारकक्षोन्नति नीति कार्य प्रगति विषयमा छलफल गर्नु उपयुक्त हुने,

विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक विद्यार्थी अनुपात मिलाउन दरबन्दी मिलानको कार्य सम्पन्न गर्नु उपयुक्त हुने ।

**स्थानीय तह**

विद्यालयले शैक्षिक सत्रको नै विद्यार्थी मूल्याङ्कन गर्ने परिपाटी सम्बन्धमा सबै शिक्षकहरूसँग छलफल गरी कार्यान्वयन गर्नु उपयुक्त हुने,

उदारकक्षोन्नति नीतिको कार्यान्वयनले सिकाइ उपलब्धि बढेको अवस्थामा शिक्षकले विद्यार्थीको थप सिकाइ उपलब्धि बढाउन आवश्यक नीति तथा प्रोत्साहनको व्यवस्था गर्नु उपयुक्त हुने,

सबै विद्यालयका तल्ला कक्षाहरूमा कक्षा शिक्षण व्यवस्था लागु गर्नु उपयुक्त हुने,

प्रत्येक विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारी तुल्याउन अनिवार्य रूपमा कार्यसञ्चयिकाको व्यवस्था गर्नु उपयुक्त हुने,

अभिभावकहरूमा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति पनि परीक्षा नै हो यसबाट उदारकक्षोन्नति हुन्छन् भन्ने भावनाको विकास गराउन अभिभावकहरूको भेला गरी सुसूचित र जानकारी गराउनु उपयुक्त हुने,

प्रधानाध्यापक. तथा विद्यालय व्यवस्थापन समिति द्वारा शिक्षकहरूलाई निरन्तर विद्यार्थी मूल्याङ्कन प्रभावकारी बनाउन आवश्यक प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गर्नु उपयुक्त हुने,

सम्बन्धित स्रोतकेन्द्रहरूले आफ्नो स्रोतकेन्द्र भित्र विद्यालयहरूको नियमित अनुगमन गरी आवश्यक परेमा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई अझ प्रभावकारी र व्यवस्थित बनाउन आवश्यक छलफल र परामर्श गर्नु उपयुक्त हुने,

स्रोतकेन्द्रमा बैठक, भेला आयोजना गरी विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति पदाधिकारी, शिक्षक, अभिभावक संघका पदाधिकारीहरूलाई निरन्तर विद्यार्थी मूल्याङ्कन र उदारकक्षोन्नतिको महत्व अवगत गराउनु उपयुक्त हुने,

निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षकहरूमा थप सीप, दक्षता हासिल गराउन प्रत्येक विद्यालयले एकजना शिक्षकलाई तालिम गोष्ठीमा पठाउनु पर्ने र यसका लागि तालिम गोष्ठीको संयोजन स्रोतकेन्द्रबाट गर्ने साथै विद्यालयमा गएर तालिममा सिकेका कुरा अरु शिक्षकहरूसँग आदान प्रदान गरी सहोगात्मक सिकाइ प्रक्रियालाई अघि बढाउनु उपयुक्त हुने,

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियाको विद्यालयका प्रधानाध्यापकबाट पनि निरन्तर अनुगमन गरी शिक्षकहरूलाई आवश्यक सुझाव दिनु उपयुक्त हुने,

प्रत्येक शिक्षकले त्रैमासिक रूपमा निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोगबाट प्राप्त भएको उपलब्धि सम्बन्धी विद्यालयमा प्रतिवेदन बुझाउने र त्यसमा समीक्षा गरी सुधारात्मक पक्ष भए सुधार गर्दै जानु उपयुक्त हुने ।

## ५.४ शोधपत्रको निचोड

उदारकक्षोन्नति गर्ने कार्य जतिसुकै अप्ठ्यारो र झन्झटिलो भए पनि शिक्षकलाई यस कार्यका लागि पूर्ण रूपमा इमान्दार र योग्य बनाई नीति कार्यान्वयन गराउने र कार्य गरे वा नगरेको अनुगमन तिब्र बनाउने हो भने उदारकक्षोन्नति नीति पूर्ण रूपमा सफल हुनुका साथै यसबाट सिकाइ उपलब्धि पनि बढ्नुका साथै सिकेका कुराहरू पनि दिगो हुन जान्छ । त्यसैले उदारकक्षोन्नति नीति आधारभूत तहमा अनिवार्य गर्न जरुरी छ । तर मूल्याङ्कन प्रक्रिया दोहोरो बनाउनु हुदैन् । केवल निरन्तर विद्यार्थी मूल्याङ्कन मात्र गर्नुपर्दछ ।

# सन्दर्भ सूची


शिक्षा तथा खेलकुद मन्त्रालय (सन् २००३), *सबैका लागि शिक्षा,* केशरमहल, काठमाडौँ, लेखक ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६२), *शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार,* काठमाडौँ, विद्यार्थी पुस्तक भण्डार ।

राष्ट्रिय योजना आयोग (२०५९-२०६४), *नवौं पञ्चवर्षीय योजना,* सिंहदरवार काठमाडौँ, लेखक ।

राष्ट्रिय योजना आयोग (२०६४/६५-०६६/०६७), *तीनवर्षीय अन्तरिम योजना,* सिंहदरवार काठमाडौँ, लेखक ।

पाठ्यक्रम विकास केन्द्र (२०६३), *राष्ट्रिय पाठ्यक्रम प्रारूप,* सानो ठिमी, भक्तपुर, लेखक ।

शर्मा, चिरञ्जीवि र शर्मा, निर्मला (२०६५), *पाठ्यक्रम योजना र अभ्यास,* भोटाहिटी, काठमाडौँ, एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

भट्टराई, प्रेम (२०६४), *निरन्तर मूल्याङ्कन र उदारकक्षोन्नति,* शैक्षिक स्मारिका राष्ट्रिय शिक्षा दिवश २०६४ ।

पाठ्यक्रम विकास केन्द्र (२०६७), *निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन निर्देशिका,* सानो ठिमी, भक्तपुर, लेखक ।

कार्की, उपेन्द्र कुमार (२०६६), *बहुकक्षा अध्यापन,* शिक्षा पत्रिका, लेखक ।

ज.ब.रा., स्वयंम प्रकाश, श्रेष्ठ, चन्द्रबहादुर र रञ्जितकार, किरण राम (२०६५), *शिक्षामा मापन तथा मूल्याङ्कन,* भोटाहिटी, काठमाडौँ, विद्यार्थी पुस्तक भण्डार ।

भट्ट, प्रमोद (२०६५), *एजुकेशन इन नेपाल प्रोभलेम्स,* रिफर्मस् एण्ड सोसियल चेन्ज, मार्टिन चौतारी, चौतारी बुक सेरिज ।

गणेश, मोहन लाल (२०६५), *पथरिया स्रोतकेन्द्र झापाको प्राथमिक तहमा उदारकक्षोन्नतिले कक्षा छाड्ने दरमा पारेको प्रभाव एवं अध्ययन,* (अ.प्र. शोधपत्र, शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, महेन्द्ररत्न क्यापस, ताहाचल, काठमाडौँ ।

## अनुसूची-१

### विद्यार्थीका लागि प्रश्नावली

विद्यार्थीको नाम ......................................................

कक्षा ..............................मिति............................

विद्यालयको

नाम.......................................................................................................................

तलका प्रश्नहरूको सही जवाफ दिई अनुसन्धानमा सहयोग गरि दिनुहुन विनम्र अनुरोध गर्दछु ।

१. तपाईं सधैं विद्यालय जाने गर्नु हुन्छ ?

.......................................................................................................................

२. तपाईंको पढाइको मूल्याङ्कन शिक्षकहरूले कसरी गर्नुहुन्छ ?

क) लिखित जाँच लिएर ख) निरन्तर मूल्याङ्कन गरेर

ग) मौखिक परीक्षा लिएर घ) माथिका सबै

३. लिखित जाँच लिएर मात्र कक्षोन्नति गर्दा र निरन्तर मूल्याङ्कनको माध्यमद्वारा कक्षोन्नति गर्दा विद्यालयमा तपाईं र तपाईंको कक्षाका साथीहरूको सिकाइ उपलब्धिमा फरक आएको छ कि छैन् ? छ भने त्यसको मुख्य कारण के हो ?

.......................................................................................................................

४. निरन्तर मूल्याङ्कन प्रक्रियाबाट कक्षोन्नति गर्ने कार्य उदारकक्षोन्नतिलाई सहयोग पुऱ्याउँछ भने यसमा सिकाइ उपलब्धि पनि बढ्छ भन्ने कुरामा तपाईं सहमत हुनुहुन्छ ?

.......................................................................................................................

५. निरन्तर मूल्याङ्कन गरी उदारकक्षोन्नति गर्नु तपाईंहरूको लागि ठीक छ की छैन ? छ भने किन ?

.......................................................................................................................

६. कक्षामा तपाईंको दैनिक हाजिरी कक्षाकार्य, परियोजना कार्य, सिर्जनात्मक कार्यहरूमा कत्तिको चाख र सक्रिय रहेको छ ?

क) धेरै रहेको छ । ख)ठीक्क रहेको छ ।

ग) थोरै रहेको छ । घ) रहेको नै छैन ।

## अनुसूची-२

### शिक्षकका लागि प्रश्नावली

शिक्षकको नाम ......................................................................तहः आधारभूत

विद्यालयको नाम....................................... ठेगानाः .......................................

तलका (खुला) प्रश्नहरूको सही जवाफ दिई अनुसन्धानमा सहयोग गरी दिनुहुन विनम्र अनुरोध गर्दछु ।

१. तपाईंले शिक्षण गर्ने गरेको शिक्षणमा विद्यार्थी मूल्याङ्कन गर्न कस्तो मूल्याङ्कन पद्धति अपनाउने गर्नु हुन्छ ?

..........................................................................................................

२. निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयनका क्रममा तपाईंलाई समस्याहरू पनि आए ? आए भने ती समस्याहरू के के हुन ?

..........................................................................................................

३. निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयन भएपछि विद्यार्थीको सिकाइ उपलब्धिमा परिवर्तन आएको छ ?

..........................................................................................................

४. तपाईंले उदारकक्षोन्नति विद्यार्थीको नीति अपनाउनु भएको छ ? छ भने व्यवस्थापन कसरी गर्नु भएको छ ?

..........................................................................................................

५. उदारकक्षोन्नतिले विद्यार्थीको सिकाइ उपलब्धि बढ्छ भन्ने कुरा तपाईंका विद्यार्थीका लागि जानकारी छ ?

..........................................................................................................

६. उदारकक्षोन्नति पद्धतिलाई सफल बनाउन तपाईंले क-कस्तो प्रक्रिया अपनाउनु भएको छ ।

..........................................................................................................

**शिक्षकको लागि बन्द प्रश्नावली**

१. तपाईंले प्रत्येक विषय शिक्षणसँग सँगै विद्यार्थी मूल्याङ्कन कसरी गर्दै हुनुहुन्छ ?

क) पाठको अन्त्यमा ख) इकाईको अन्त्यमा ग) शिक्षण सँग सँगै

घ) निरन्तर रूपमा

२. निरन्तर विद्यार्थी मुल्यांकन कार्यान्वयन भएपछि विद्यार्थीको सिकाइ उपलब्धि कस्तो पाउने भएको छ ?

क) उच्च ख) न्यून ग) मध्यम घ) ठीक ठीकै

३. उदारकक्षोन्नति नीतिले विद्यार्थीको सिकाइ उपलब्धि बढ्छ भन्ने कुरामा तपाईं कत्तिको सहमत हुनुहुन्छ ?

क) ७०% ख) ८०% ग) ९०% घ) १००%

४. उदारकक्षोन्नति नीति कार्यान्वयनका लागि कस-कसबाट सहयोगको अपेक्षा गर्नु भएको छ ?

क) प्रधानाध्यापकबाट ख) स्रोतव्यक्तिबाट ग) विषय विज्ञबाट घ) माथिका सबैबाट

५. उदारकक्षोन्नतिका लागि नियमित परीक्षाको आवश्यकता छैन भन्ने कुरामा कत्तिको सहमत हुनुहुन्छ ?

क) ७०% ख) ८०% ग) ९०% घ) १००%

# अनुसूची-३

## प्रधानाध्यापकको लागि प्रश्नावली

प्रधानाध्यापकको नाम

.............................................................................................................

विद्यालयको नाम........................................................................ ठेगनाः ......................

तलका प्रश्नहरूको सही जवाफ दिई अनुसन्धानमा सहयोग गरी दिनुहुन विनम्र अनुरोध गर्दछु ।

१. तपाईंको विद्यालयको आधारभूत तहको विद्यार्थी मूल्याङ्कन प्रक्रिया कसरी अपनाउनु भएको छ ?

...................................................................................................................................

२. निरन्तर विद्यार्थी मूल्याङ्कनको आधारमा उदारकक्षोन्नति गर्दा विद्यार्थीलाई फाइदा पुगेको छ ?

...................................................................................................................................

३. निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयनले उदारकक्षोन्नति नीतिलाई कत्तिको सहयोग पुगेको छ ?

...................................................................................................................................

४. उदारकक्षोन्नति गरिएपछि विद्यार्थीहरूको सिकाइ उपलब्धिमा कस्तो परिवर्तन भएको पाउनु भएको छ ?

...................................................................................................................................

५. उदारकक्षोन्नतिलाई व्यवस्थित गर्नका लागि तपाईंले शैक्षिक परामर्श कहाँबाट प्राप्त गर्नु भएको छ ?

..........................................................................................................

६.उदारकक्षोन्नति नीति लागु हुनु अघि कर पछि कुन अवस्थामा विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि भएको पाउनु भएको छ ?

..........................................................................................................

**प्रधानाध्यापकका लागि बन्द प्रश्नावली (सही उत्तरमा √ लगाउनुहोस्)**

१. तपाईंको विद्यालयमा आधारभूत तहका विद्यार्थी मूल्याङ्कन कुन कुन किसिमबाट हुने गरेको छ ?

क) नियमित परीक्षा ख) निरन्तर मूल्याङ्कन ग) मिश्रित तरिका घ) मौखिक परीक्षा

२. तपाईंको विद्यालयमा शिक्षकहरूले विषय शिक्षण पछि कुन तरिकाले निरन्तर मूल्याङ्कन गर्ने गर्नु भएको छ ?

क) पाठ शिक्षण सँग सँगै ख) इकाई शिक्षण पछि

ग) साप्ताहिक पाठ शिक्षण पछि घ) पाक्षिक पाठ शिक्षण पछि

३. निरन्तर विद्यार्थी मूल्याङ्कनको आधारमा उदारकक्षोन्नति गर्दा कस्तो महशुस गर्नु हुन्छ ?

क) सहज ख) असहज ग) झन्झटिलो घ) द्विविदात्मक

४.उदारकक्षोन्नतिले सिकाइ उपलब्धिलाई उच्च बनाउँछ भन्ने कुरामा सहमत हुनुहुन्छ ?

क) ७०% ख) ८०% ग) ९०% घ) १००%

५. तपाईको विचारमा उदारकक्षोन्नति नीतिले विद्यार्थीको चौतर्फि विकासमा कत्तिको सहयोग गर्छ जस्तो लाग्छ ?

क) १००% ख) ९५% ग) ९०% घ) ८५%

## अनुसूची - ४

### विद्यालय निरीक्षक/स्रोतव्यक्तिका लागि प्रश्नावली

नाम

.................................................................................................................

निरीक्षण क्षेत्र/स्रोतकेन्द्र...........................................................................................

तलका प्रश्नहरूको सही जवाफ दिई अनुसन्धानमा सहयोग गरी दिनुहुन विनम्र अनुरोध गर्दछु ।

१. तपाईंको निरीक्षण क्षेत्र/स्रोतकेन्द्रमा निरन्तर विद्यार्थी मूल्याङ्कन भईरहेको छ ?

.................................................................................................................

२. तपाईंको निरीक्षण क्षेत्र/स्रोतकेन्द्रमा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिका समस्याहरू पछि छन् ? छन् भने के कस्ता छन् ?

.................................................................................................................

३. तपाईंको निरीक्षण क्षेत्र/स्रोतकेन्द्रमा निरन्तर विद्यार्थी मूल्याङ्कनको आधार उदारकक्षोन्नति नीतिले विद्यार्थीको सिकाइ उपलब्धिमा कस्तो प्रभाव पारेको पाउनु भएको छ ?

.................................................................................................................

४. सिकाइ उपलब्धिमा परिवर्तन आउनुका खास कारण तपाईंले केलाई लिनु भएको छ ?

.................................................................................................................

५. उदारकक्षोन्नति व्यवस्थापनलाई अझै प्रभावकारी वनाई सिकाइ उपलब्धि बढाउन आगामी दिनमा के गर्नुपर्ला ?

.................................................................................................................

**विद्यालय निरीक्षक/स्रोतव्यक्तिका लागि बन्द प्रश्नावली (सही उत्तरमा √ लगाइ दिनुहुन अनुरोध गर्दछु ।)**

१. तपाईंको निरीक्षण क्षेत्र/स्रोतकेन्द्रमा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको कार्यान्वयनको अवस्था कस्तो छ ?

क) पूर्ण रूपमा ख) आंशिक रूपमा ग) चित्त बुझ्दो रूपमा घ) छदैं छैन

२. निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यलाई शिक्षकहरूले कसरी लिएको पाउनु भएको छ ?

क) सहज रूपमा ख) झन्झटिलो पद्धति ग) समय बढी लाग्ने घ) विश्वसनीय छैन

३. निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिले सिकाइ उपलब्धि बढ्छ भन्ने कुरामा शिक्षक कत्तिको सहमत रहेको पाउनु भएको छ ?

क) १००% ख) ९०% ग) ८०% घ) ७०%

४. निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिका आधारमा उदारकक्षोन्नतिलाई अनिवार्य गराउन के गर्नु पर्छ जस्तो लाग्छ ?

क) शिक्षकलाई निरन्तर तालिमको व्यवस्था ख) अनुगमनलाई तिव्र बनाउने
ग) प्रधानाध्यापक.लाई कडा नीति गर्ने घ) माथिका सबै

५. निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति र नियमित परीक्षा प्रणाली दुवै तरिकाबाट मूल्याङ्कन भइरहेको प्रति तपाईंको आफ्नो धारणा दिनु पर्दा के भन्नुहुन्छ ?

क) एउटै मात्र सक्रिय गराउनु पर्ने

ख) दुवैबाट मूल्याङ्कन गराउन पर्ने

ग) मूल्याङ्कनको दोहोरो मापदण्ड राम्रो हो

घ) दुवै मूल्याङ्कनका प्रणालीबाट विद्यार्थीलाई अनावश्यक बोझ मात्र

# अनुसूची-५
## अभिभावकको समूह छलफलका लागि प्रश्नावली

नाम........................................................... ठेगानाः ........................

तलका प्रश्नहरूको सही जवाफ दिई अनुसन्धानमा सहयोग गरी दिनुहुन विनम्र अनुरोध गर्दछु ।

१. तपाईंले आफ्ना नानीहरू सधैँ विद्यालय पठाउने गर्नु भएको छ ?

...................................................................................................................

२. तपाईहरूलाई आफ्ना नानीहरूको शैक्षिक अवस्थाको जानकारी छ ?

...................................................................................................................

३. तपाईंहरूले विद्यालयबाट आफ्ना नानीहरूको विद्यार्थी प्रगति विवरण हेर्ने गर्नु भएको छ ?

...................................................................................................................

४. तपाईंहरूले विद्यालयमा हुने विद्यार्थी मूल्याङ्कनका विषयमा ध्यान दिने गर्नु भएको छ ? ध्यान दिनु भएको छ भने कस्तो विद्यार्थी मूल्याङ्कन पद्धति अपनाइएको रहेछ ?

...................................................................................................................

५. निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिका विषयमा तपाईंहरूलाई केही जानकारी छ ?

...................................................................................................................

६. उदारकक्षोन्नति नीतिको सम्बन्धमा तपाईंहरूलाई केही जानकारी छ ?

...................................................................................................................

७. उदारकक्षोन्नति नीतिले आफ्ना नानीहरूको सिकाइ उपलब्धिमा वृद्धि भएको छ ?

...................................................................................................................

८. तपाईंहरूले आफ्ना नानीहरूको शैक्षिक अवस्थाको सम्बन्धमा शिक्षकहरूसँग छलफल गर्ने गर्नु भएको छ ?

...................................................................................................................

९. आफ्ना नानीहरूलाई सधैँ विद्यालय पठाउन शिक्षकहरूले के कस्ता सुझावहरू दिने गर्नु भएको छ ?

...................................................................................................................

१०. निरन्तर विद्यार्थी मूल्याङ्कन गरी उदारकक्षोन्नति नीतिलाई प्रभावकारी बनाई सिकाइ उपलब्धि बढी प्राप्त गर्न शिक्षकले के गर्नु पर्छ जस्तो लाग्छ ?

...................................................................................................................

## अनुसूची-६

### अभिभावकहरूको लागि बन्द प्रश्नावली

नाम............................................................ ठेगनाः ....................................

तल दिइएका प्रश्नहरूको सही जवाफमा रेजा (√) लगाई अनुसन्धानमा सहयोग गरी दिनुहुन विनम्र अनुरोध गर्दछु ।

१. तपाईंका नानीहरूको पढाइसँग तपाईं सन्तुष्ट हुनुहुन्छ ?

क) सन्तुष्ट छु । ख) ठीक ठीकै छ । ग) सन्तुष्ट छैन । घ) अझ मेहनत गर्नुपर्छ ।

२. नानीहरूको वार्षिक परीक्षाफल हेर्ने गर्नु भएको छ ?

क) हेर्ने गरेको छ । ख) हेर्ने गरेको छैन

ग) नानीहरूले देखाउदैनन् । घ) शिक्षकहरूले नै हेरी हाल्नु हुन्छ नी ?

३. निरन्तर विद्यार्थी मूल्याङ्कन बारे तपाईंलाई थाह छ ?

क) थाह छैन ख) थाह छ ग) खोजी नीति गर्दिन घ) किन थाहा हुनु पर्‍यो र ?

४. हाम्रो त परीक्षा नै हुँदैन भनेर आफ्ना नानीहरूले भन्दा तपाईंलाई कस्तो लाग्छ ?

क) सरहरू अल्छी हुनु भएछ जस्तो ख) स्कुलमा पढाई हुन छाडे छ जस्तो

ग) मूल्याङ्कन लागि परीक्षा लिनु नपर्ने घ) परीक्षाको सट्टा अरु नै तरिका आए जस्तो

५. उदारकक्षोन्नति नीतिले विद्यार्थीहरूमा कस्तो भावना उत्पन्न भएको पाउनु भएको छ ?

क) पढे पनि हुने ख) नपढे पनि हुने ग) असफल हुने डर नहुने घ) माथिका सबै

६. उदारकक्षोन्नतिले विद्यार्थीहरू सधैं स्कुल जाने भाव जगाउँछ भन्ने कुरामा तपाईं कतिको सहमत हुनुहुन्छ ?

क) ७०% ख) ८०% ग) ९०% घ) १००%

७. उदारकक्षोन्नति सिकाइ उपलब्धिमा वृद्धि हुन्छ भन्ने कुरामा तपाईं कत्तिके सहमत हुनुहुन्छ ?

क) १००% ख) ९०% ग) ८०% घ) ७०%

८. निरन्तर विद्यार्थी मूल्याङ्कन र नियमित परीक्षामा कुन ठीक जस्तो लाग्छ ?

क) दुवै ठीकै छन् । ख) जाँच भए भई हाल्यो नि ।
ग) सरहरूले जान्ने कुरा हो । घ) निरन्तर नै ठीक ।

९. आफ्ना नानीहरूको परीक्षा अघि र पछि तपाईं कति पटक स्कूल जानु भएको छ ?
क) २ पटक ख) ३ पटक ग) ४ पटक घ) ५ पटक

१०. आफ्ना नानीहरूको पढाईको कम्तिमा वर्ष भरीमा कति पटक स्कूल जानु पर्छ जस्तो लाग्छ ?

क) महिनामा १ पटक ख) ३ महिनामा १ पटक
ग) छ महिनामा १ पटक घ) वर्षमा १ पटक